Jana Aakash National Weekly

# जन आकाश

Jana Aakash National Weekly

राष्ट्रिय साप्ताहिक

वर्ष-१२ , अंक- ६, २०७६ साल भदौ २४ गते मंगलबार (Sept, 10, 2019) www.janaakash.com.np मुल्य रु १०।-



जन आकाश मिडिया प्रा.लि.बाट प्रशारित

www.janaakash.com.np

अनलाइन सञ्चालन भइरहेको हुँदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायिक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठकवर्ग लगायत महानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जन आकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जन आकाशको बार्षिकउत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, संघसंस्थाहरुले सम्पर्क राख्न अनुरोध गरिन्छ ।

सम्पर्क: ४१६७५७८ (बागबजार)

मोबाइल: ९८६१५८८४५६

Email: jana.news2065@gmail.com


## चिनियाँ परराष्ट्रमन्त्री नेपाल भ्रमणमा

# सि जिन पिङ्ग नेपाल आउने चर्चा

मोहन कार्की

काठमाडौं । चिनिया परराष्ट्रमन्त्री नेपाल भ्रमण आइतबार साँझ आइपुगेका छन् । तीन दिने नेपाल भ्रमणमा रहेका वाङ यिले सोमबार नेपालमा परराष्टङमन्त्री प्रदीप ज्ञवालीसँग भेटवार्ता गरिसकेका छन् । नेपालमा यतिबेला चिनिया पाहुनाको चर्चा निक्कै बढेको छ । चीन नेपालको छिमेकी राष्ट्र हो । नेपालको दुःख सुखमा सधै साथ दिदै आएको चीन पछिल्लो ६ दशकमा अर्थतन्त्र, विकास र प्रविधि हरेक क्षेत्रमा विश्वकै दोस्रो शक्तिशालीको रुपमा अगाडि बढिरहेको छ । त्यसैले चिनिया विदेशमन्त्री नेपाल भ्रमणमा रहँदा नेपालीहरुमा मात्र चासो र चर्चाको विषय नभएर यो विश्वमा चर्चाको विषय बनिरहेको छ ।

अर्को विश्वका शक्तिशाली मानिने चीनका राष्ट्रपनि सि.जिन.पिङ पनि नेपाल आउने चर्चा व्यापक छ ।



नेपालको भारत र चीन दुबै ठूला राष्ट्र छिमेकी छन् त्यसमा भारतका मन्त्री र प्रधानमन्त्रीहरु नेपाल भ्रमणमा आइराख्छन् नेपालमा पनि भारत भ्रमणमा गइराख्छन् चीनको तुलनामा भारतसँग नेपालको आउजाउ वाक्लै देखिन्छ । चीनका राष्ट्रिय प्रतिनिधिहरुको भ्रमण पातलो हुनेगर्छ । झण्डै एकदशकको अन्तरालमा चीनका राष्ट्रपति नेपाल आउन लागेका छन् भन्ने चर्चा नेपालमा चलिरहेको छ । तर नेपालको परराष्ट्र मन्त्रालयले चीनका राष्ट्रपति नेपाल आउने नआउने अधिकारिक धारणा सार्वजनिक गरेको छैन ।

नेपालमा परराष्ट्रमन्त्रीले चीनका राष्ट्रपति नेपाल आउनेमा आशावादी भएको बताउँछन् र चीनका परराष्ट्रमन्त्री याङ यिसँग भेट्दा पनि आफुले उक्त कुरा राखेको बताएका छन् । नेपालमा चीनको ठूला परियोजनाहरुमा लगानी रहेको छ । पोखरा क्षेत्रिय विमानस्थल बनाई रहेकै छ ।

गौतम्बुद्ध विमानस्थल निर्माण भइरहेको छ । काठमाडौं कोटेश्वर कलंकी चक्रपथ निर्माण सम्पन्न गरिसकेको छ । पश्चिम सेती जलविद्युत आयोजना भने चिनले बनाउने भने पनि अष्ट्रेलियन कम्पनि

बाँकी ८ पृष्ठमा

## दोरम्बा गाउँपालिकाको टोकरपुरमा भवन उद्घाटन

रामेछाप । दोरम्बा गाउँपालिकाको भवन प्रदेश नं. ३ का आर्थिक मामिला तथा योजना मन्त्री कैलाश ढुंगेलले उदघान गरेका छन् ।

गाउँपालिका केन्द्र टोकरपुरको थामचौरमा निर्मित प्रिफ्याक भवनका मन्त्री ढुंगेलले उदघाटन गरेका थिए । भवनको उद्घाटन गर्दै मन्त्री ढुंगेलले



फोटो: मोहन कार्की

जिल्लामा विकास निर्माणको कामले गति लिएको बताए । भवन उद्घाटन गर्ने क्रममा मन्त्री ढुंगेलले नेकपाका प्रदेश कमिटी सदस्य तुलाप्रसाद कँडेलको पटक पटक नाम लिएका थिए । विकास निर्माणको काममा बजेटको अभाव हुन नदिने प्रतिवद्धता समेत व्यक्त गर्दै टोकरपुरमा रहेका अन्य पार्टीहरुलाई समेत माया गर्न गाउँपालिका प्रमुख कमानसिंहलाई निर्देशन समेत दिएका थिए । मन्त्री ढुंगुलले भने, 'अब मन्थली-गाल्व-चौरीखोला जोडने सडक कालोपत्रे हुन्छ, यस वर्ष चार करोड रुपैयाँ अतिरिक्त बजेट विनियोजन गरेका छौं ।'

कार्यक्रममा उनले डडुवा,गाल्वा सडकलाई पनि कालोपत्रे गर्ने योजनाभित्र समावेश गरेको र आफ्नो कार्यकालमा उक्त सडक कालोपत्रे गर्न नसकेमा अर्को पटक भोट मागन आफू नआउने समेत घोषणा गरे । १ करोड ५५ लाख रुपैयाँ लागतमा निर्माण गरिएको सभाहलसहितको

बाँकी ८ पृष्ठमा

## रामेछापको टोकरपुरमा भव्यरुपमा तिज सम्पन्न

रामेछाप । रामेछापको दोरम्बा गाउँपालिकाको कार्यपालिकाको केन्द्र समेत रहेको टोकरपुरमा नारीहरुले मनाउने ऋषि पञ्चमी तथा हरितालिका तिज कार्यक्रम गरी सामुहिक रुपमा मनाएका छन् । त्यस कार्यक्रमको आयोजना प्रगतिशील महिला सञ्जाल, दोरम्बा टोकपुर ३ र शान्ति तथा ग्रामीण विकास केन्द्र सिपोर्ड नेपाल दोरम्बा ३ टोकपुरले व्यवस्थापन गरेका थिए ।

त्यसदिनको कार्यक्रममा प्रमुख अतिथि दोरम्बार गाउँपालिकाकी उपाध्यक्ष कृशला घिसिङ्ग रहेकी थिइन भने विशेष अतिथि दोरम्बा ३ का वडाअध्यक्ष लालवदन मगर रहेका थिए । प्रगतिशील महिला सञ्जाल दोरम्बा ३ कि संयोजक पवित्र कडेलले गाउँपालिकाले नारीहरुको पर्वलाई प्रोत्साहन स्वरुप कार्यक्रम नराखेकोमा गाउँपालिका प्रति ध्यानाकर्षण गराएकी



थिइन् भने सो ध्यानाकर्षण पछि कार्यक्रममा विशेष अतिथिले कार्यक्रमलाइ सम्बोधन गर्दै यस बर्ष वडामा धेरैवटा कार्यक्रम र कार्यव्यस्तताको कारण मेरो ध्यान नपुगेकोमा क्षमा माग्दै आउँदा दिनमा वडास्तरीय तिज कार्यक्रमलाई पनि समावेश गर्ने प्रतिबद्धता व्यक्त गर्दै त्यनि बेला कार्यक्रम माझमा आयोजकलाई सहयोग स्वरुप रु. ५ हजार नगद सहयोग प्रदान गरेका थिए ।

बाँकी ८ पृष्ठमा

## नेकपालाई सबैले स्वीकार गर्ने पार्टी बनाउनुपर्नेमा अध्यक्ष प्रचण्डको जोड

काठमाडौं । नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले पार्टीलाई सबैले स्वीकार गर्ने पार्टीका रूपमा अगाडि बढाउनुपर्नेमा जोड दिनुभएको छ ।

पार्टीको केन्द्रीय कार्यालयद्वारा पार्टी कार्यालयमा आयोजित शहीद सुरेश वाग्ले 'वासु' को २१औं स्मृतिसभामा पूर्वप्रधानमन्त्री तथा अध्यक्ष 'प्रचण्ड'ले पछिल्लो समयमा पार्टीका नेताहरु अलि बढी आत्मकेन्द्रित र व्यक्तिकेन्द्रित हुँदै गएको भन्दै सबैलाई स्वीकार हुने गरी जनताको सेवामा समर्पित पार्टी बनउनेतर्फ केन्द्रित हुन कार्यकर्तालाई निर्देशन दिनुभयो ।

हामीले कम्युनिष्ट आन्दोलनलाई लोकप्रिय बनाएका छौँ, लोकप्रिय मत पाएका छौँ, बहुमतको सरकार छ, तर वैचारिक र नैतिक चरित्रका दृष्टिले खस्किएका छौँ, जनताको आवश्यकताभन्दा पनि हाम्रो आवश्यकतालाई महत्व दिएका छौँ, उहाँले भन्नुभयो । अध्यक्ष 'प्रचण्ड'ले पार्टीलाई जनतामा समर्पित गर्न सकेको खण्डमा मात्र शहीदको वास्तविक सपनामा पूरा हुने बताउनुभयो । कमरेड वासु वैचारिक, बलिदान, बौद्धिक र निष्ठा र चरित्रको



हिसाबले अत्यन्त उच्च तहमा हुनुहुन्थ्यो, उहाँबाट हामीले पनि सिक्नुपर्ने हुन्छ, उहाँले भन्नुभयो ।

पूर्वप्रधानमन्त्री तथा पार्टीका वरिष्ठ नेता झलनाथ खनालले पार्टी एकता प्रक्रिया जतिसक्दो चाँडो सक्ने तयारी भइरहेको बताउँदै शहीदको सपना पूरा गर्न नयाँ सङ्कल्पसहित अगाडि बढ्ने बताउनुभयो । उहाँले भन्नुभयो, हामीले पार्टीलाई जति गतिशील बनाउन सक्छौं त्यति नै शहीद सुरेश वाग्लेको

बाँकी ८ पृष्ठमा




'मान्छे कसैले पनि कर्म लिएर आएको हुँदैन । सृजना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ ।'– *मोहन कार्की*

## सम्पादकीय

### स्वदेशी उत्पादनलाई प्राथमिकता दिऔं

नेपालमा आफ्नै उत्पादन भनेको कृषिजन्य सामाग्री र केही मात्रामा सामान्य बस्तुहरु मात्र छन् । त्यो पनि पूर्ण आत्मनिर्भर छैन । नेपालमा बहुसंख्यामा रोजगार सृजर्ना गर्ने खालका र विश्व बजारमा प्रतिस्पर्धा गर्न लायक ठुला कम्पनी उद्योगहरु पनि छैनन् । नेपालमा बहुदलीय व्यवस्था स्थापना हुनुभन्दा अगाडि र राणा शासनकालमा स्थापित उद्योगहरु बहुदलीय शासनकालमा सबैजसो बन्द गरिसकेका थिए । बाँकी रहेका उद्योगले चर्चेका जग्गाहरु र उद्योगमा मेशिनहरु समेत लोकतान्त्रिक गणतन्त्र स्थापना पछि कौडीको भाउमा बिक्री गरेर समाप्त पारेका छन् ।

यो अवस्थामा नेपालमा निजि क्षेत्रका व्यवसायीले नेपालको अर्थतन्त्र र व्यापारलाई केही मात्रामा भएपनि त्राण दिइरहेका छन् । तर ती स्वदेशी उत्पादन बस्तुहरु नेपाली बजारमा नेपाली नागरिक, सत्तापक्षमा सम्बन्धित निकायहरुले प्रयोगमा त्यति ध्यान दिँदैनन् । र अरु देशबाट आयातित वस्तुहरु प्रयोग गर्दा देशभित्र उत्पादन गरिएका बस्तुहरु बजार अभावमा धराशायी हुन पुग्छन् । उद्योग धराशायी हुँदा लगानीकर्तामा असर पुग्छ । उत्पादन बजारमा बिक्री नहुँदा मजदुरले रोजगार गुमाउँछन् मजदुरसँग आर्थिक अभाव भएपछि बजारमा हरेक बस्तु ब्यापारमा असर पुग्छ । त्यसको अलावा विदेशी सामान वस्तु प्रयोग गर्दा हाम्रो धनराशी विदेशिन्छ । हाम्रो ठुलो धनराशी विदेशिएपछि हाम्रो व्यापार घाटा बढछ । व्यापार घाटा बढेपछि हाम्रो राष्ट्रिय अर्थतन्त्रमा असर पुग्छ र देशको अर्थतन्त्र कमजोर भएपछि विकास निर्माणमा असर पुग्छ विकास निर्माण हुन नसक्दा नागरिकले सास्ती बेहोर्नुपर्छ । सास्ती व्येहोर्नुपर्दा नागरिकहरु दु:खी हुन्छन् । हामी नेपालीले आफ्नो देशको उत्पादनलाई हेला गर्दा यति ठुलो समस्या आउँछ । त्यसकारण सबै नेपालीहरुले आफ्नै देशमा उत्पादन भएका सामान बस्तु प्रयोग गर्नुपर्छ । आफ्नो देशको राष्ट्रियता बलियो बनाउन स्वदेशी उत्पादनहरु नै प्रयोग गर्नुपर्छ ।

अर्को नेपालमा नै धेरैभन्दा धेरै रोजगार सृजर्ना गर्न सक्ने उद्योग कलकारखानाहरु स्थापना गरेर सञ्चालन गर्नुपर्छ र सरकारले पनि आफ्नै देशमा उत्पादन हुने वस्तु सामानहरुलाई सहुलियत सुविधा दिएर प्रोत्साहन गर्नुपर्छ । ताकि विदेशी उत्पादनभन्दा हाम्रो उत्पादन गुणस्तर पनि होस् र सामान्य भन्दा सामान्य नागरिकले पनि उपभोग गर्न सक्ने मूल्यमा पाइयोस् यस्तो खालको नीति बनाएर नेपालमा उद्योग कलकारखाना उत्पादनलाई संरक्षण गर्दै अगाडि बढाउनुपर्छ तब मात्र हाम्रो देशको प्रचुर विकास र समृद्ध नेपाल सुखी नेपाली हामी नेपाली बन्न सक्छौं त्यो अवस्थामा पुऱ्याउन हामीले स्वदेशी उत्पादनलाई प्राथमिकता दिनुपर्छ ।

# ज्येष्ठ नागरिकको सम्मान गर्न सिकौं

**मोहन पोखरेल**



**लामो समयसम्म बृद्ध आमा बुवासँग नबोल्ने, छाउगोठजस्तो टहरामा यातना दिएर राख्ने, घरभित्र बाहिर गर्न बन्देज लगाउने, बिरामी पर्दा के कसो भएको हो भनेर एक शब्द पनि नबोल्ने र खानलाउनमा कठिनाई उत्पन्न गराउने सन्तान समाजभित्र छ्यापछ्याप्ती छन् । यस्तो अपराधबाट राष्ट्रमुक्त हुन सकेको छैन । अपराधीकरण बढ्दै गएकोले यस्तो डरलाग्दो अवस्थाबाट पार पाउनका लागि न्यायलयको ढोका ढकढक्याउनका लागि जेष्ठ नागरिकहरु पछि पर्नु हुँदैन । खराब सन्तानबाट उत्पीडनमा परेका आमाबाबुले सर्वप्रथम आफू बस्ने समाजभित्र त्यस्ता खराब तत्वहरुको भण्डाफोर गरि दिनुपर्दछ ।**

ज्येष्ठ नागरिक सम्बन्धि ऐन २०६३ बमोजिम ६० वर्ष उमेर कटेका नागरिकलाई ज्येष्ठ नागरिक सरह मान्यता दिइएको छ । राज्यले पनि यसलार्य स्वीकार गरेको छ । तर पनि जेष्ठ नागरिकप्रति गरिने दुर्व्यवहार प्रति राज्य उदासिन भइदिँदा आफ्नो घरपरिवार तथा समाजमा अपहेलित भएर बस्नुपर्दा कैयन त्यस्ता अग्रजहरुको जिवन कष्टकर भएको छ । बृद्धाश्रम, पाटी, पौवा, खुला सडक र मठमन्दिरका देवालयहरु बृद्ध आमा बुवाका दु:खदायी वासस्थान बन्दा यो मुलुकको राज्य संयन्त्रको खिल्ली उडेको छ, साथै आफूहरुलाई मानवतावादी भन्ने मानवअधिकारवादीहरुको समेत यस मामलामा निद हराम भइँदिदा लोकतनत्रको खिल्ली उड्नु स्वभाविकै हो ।

घर परिवारमा आफ्ना सन्तानबाट माया ममता पाउनु बृद्ध आमा बुवाको नैसर्गिक अधिकार हो । पछिल्ले समय देशका कुनाकुनासम्म जेष्ठ बाबु आमा प्रति छोराछोरीले गर्ने दुर्व्यवहार कहालिलाग्दो छ । कहाँसम्म भने मन्दिर घुमाएर भगवानको दर्शन गराउने बहानामा ८० वर्ष पार गरेका बृद्ध आमा बुवालाई देवघाटमा अलपत्र छाडिएको र प्रहरी र देवघाट क्षेत्र विकास समितिको सहयोगमा त्यस्ता बृद्धबृद्धालाई देवघाटको अनाथालयमा राखिएको खबर पुरानो भएको छैन । त्यस्ता कुकर्मी सन्तान हाम्रो समाजमा स्थापित हुँदै राष्ट्रभर जरो गाड्दा सम्म समाज समेत भयभित भएको छ । घरैमा जीवन व्यतित गरिरहेका कैयन बृद्ध आमा बुवाहरु पनि खराब सन्तानका दुर्व्यवहारका कारण तड्पिरहेका छन् ।

लामो समयसम्म बृद्ध आमा बुवासँग नबोल्ने, छाउगोठजस्तो टहरामा यातना दिएर राख्ने, घरभित्र बाहिर गर्न बन्देज लगाउने, बिरामी पर्दा के कसो भएको हो भनेर एक शब्द पनि नबोल्ने र खानलाउनमा कठिनाई उत्पन्न गराउने सन्तान समाजभित्र छ्यापछ्याप्ती छन् । यस्तो अपराधबाट राष्ट्रमुक्त हुन सकेको छैन । अपराधीकरण बढ्दै गएकोले यस्तो डरलाग्दो अवस्थाबाट पार पाउनका लागि न्यायलयको ढोका ढकढक्याउनका लागि जेष्ठ नागरिकहरु पछि पर्नु हुँदैन । खराब सन्तानबाट उत्पीडनमा परेका आमाबाबुले सर्वप्रथम आफू बस्ने समाजभित्र त्यस्ता खराब तत्वहरुको भण्डाफोर गरिदिनुपर्दछ । अन्याय सहनु नै अपराधलाई स्वीकार गर्नु हो भन्ने मान्यताको शिरोपर गर्दै न्यायका लागि कठोर किसिमबाट अग्रसर हुनु नै आफ्नो परम कर्तव्य हुन आउँछ ।

छिमेकी घरपरिवार तथा सिंगो समाजलाई अवगत हुने गरी जेष्ठ नागरिकप्रति गरिने दुर्व्यवहार नै सामाजिक बेइजती र चरित्र हत्या भित्र पर्ने विषय वस्तु हुन् । कुनै पनि अग्रज व्यक्ति विशेषमाथि यस्तो दुर्व्यवहार लामो समयसम्म सह्य हुन सक्दैन । साथै कुनै न कुनै दिन त्यस्ता सन्तान दण्डसजायको भागीदार बन्दछन् । यस्तो खालको दुर्व्यवहार फौजदारी कसुर अन्तर्गत पर्ने भएकाले ५ वर्ष कैद र ५० हजार जरिवना सम्मको सजाय फौजदारी अपराधसंहिता ऐनमा तोकिएको छ । प्रमाण आफैं बोलिरहेको छ भने त्यस्ता कसुरदारलाई हदैसम्मको सजायको भागी गराउन कुनै कठिनाई पर्ने छैन ।

पछिल्ला दिनहरुमा जेष्ठ नागरिकमाथि बढ्दै गएको दुर्व्य्हारबाट चितवन प्रहरी पनि चिन्तित भएको छ । जिल्ला प्रहरी कार्यालय चितवनमा गरिएको हालैको एक अन्तरक्रिया कार्यक्रममा प्रहरी प्रमुखले जेष्ठ नागरिकमाथि हुने दुर्व्यवहार सह्य नहुने र कसुरदारलाई पक्रेर कारवाही गरिने बताउनुले जेष्ठ नागरिक माथि न्याय पलाउने आशा जागेको छ । भरतपुर महानगरपालिका सबै वडा अध्यक्ष सम्मिलित अन्तरक्रिया कार्यक्रममा जेष्ठ नागरिकमाथि हुने दुर्व्यवहारका बारेमा कडा आपत्ति व्यक्त गरिएको थियो । दुर्व्यवहारसँग सम्बन्धित घर परिवारलाई सामाजिक बहिष्कारका साथै वडाबाट कुनै पनि सेवा सुविधा प्रदान नगरिने वडा अध्यक्षहरुले ठोकुवा गरिसकेका छन् ।

फौजदारी संहिता आफै आकर्षित भएकाले उजुरबाजुर विनै त्यस्ता कसुरदार सन्ततीलाई पक्राउ गरिने चितवन प्रहरीको अल्टिमेटम रहेको छ । अझै पीडित पक्षको उजुरी आएमा तुरुन्तै कारवाही गर्न सहज हुने चितवन प्रहरी र भरतपुर महानगरपालिकाको अनुरोध रहेको छ । यसका साथै कुनै सार्वजनिकस्थल अथवा सवारी साधनमा यात्रा गरेका बखत जेष्ठ नागरिकमाथि कसैले दुर्व्यवहार गरेको छ भने प्रहरी कडा रुपमा प्रस्तुत हुने बताइएको छ ।

ढिलै भएपनि प्रहरी प्रशासन, महानगरपालिका तथा मानवअधिकार सम्बन्धि संघसंस्थाहरुले जेष्ठ नागरिक प्रति दर्शाएको सद्व्यवहार प्रंशसनीय रहेको छ र राज्यले पनि पीडित जेष्ठ नागरिकमाथि सदासयता देखाई पीडित पक्षको जिम्मेवारी लिई जीवन निर्वाहको व्यवस्था गरिदिएमा लोकतन्त्रको आधारसिला पनि मजबुद हुने थियो । किनकी जेष्ठ नागरिक इतिहासका धरोहर हुन् । उनीहरुबाट पुराना कुरा सिक्ने र कार्यान्वयन गर्दै जाने अहिलेका सन्ततीको धर्म हो ।

# महान वैज्ञानिक : ग्यालिलीयो ग्यालिली

**मिलन आफन्त**



**ग्यालिलीयोले ब्रम्हाण्डको सम्पूर्ण ग्रह र ताराहरुको बिचम सूर्य पर्दछ भने । यस्तै , उनले ब्राम्हाण्डको विचमा रहेको सूर्यलाई पृथ्वी लगायत पछि अन्य सम्पूर्ण ग्रह र ताराहरुले घुम्छन् भने । टेलिस्कोप , कम्पास लागायत दर्जनौ वैज्ञानिक आविस्कार र मान्यताहरु दिन सफल महान वैज्ञानिक ग्यालिलीयोको मृत्यु सन् १६४२ मा ७७ वर्षको उमेरमा भयो । हाल ग्यालिलीयो हाम्रो माझ हुनुहुन्न तपाई हामी बिच उहाँको महानत्म वेज्ञानिक आविस्कार र मान्यताहरु कहिल्यै हराउने छैन । वास्तवमा ग्यालिलीयो ग्यालिली महान वैज्ञानिक हुनुहुन्छ ।**

विश्व प्रसिद्ध महान वैज्ञानिक : ग्यालिलीयो ग्यालिलीको जन्म १५६४ , फेब्रुअरी १५ तारिखको दिन युरोपको दक्षिण तिर पर्ने भू-मध्ये सागरको किनारा इटली भन्ने देशको तुस्कालीमा भएको थियो । ग्यालिलीयोका बुवाको नाम विसेन्जयो हो भने उनी एक संगीतज्ञ थिए । ग्यालिलीयो ६ वर्षको हुँदा सन् १५७०को सूरुतिर उनको परिवार तुस्कानी छोडेर इटलीको अर्को प्रसिद्ध शहर फ्लोरेन्स बसाई सरेको थियो । त्यही फ्लोरेन्सको एक धार्मिक स्कुलबाट उनले प्राथमिक शिक्षा लिएका थिए । तर ग्यालिलीयो ग्यालिलीले स्याट्रिक पास भने १५८१ मा पिसा विश्वविद्यालयबाट गरको थिए ।त्यसपछि उनी बावुको इच्छा अनुसार पिसा विश्वविद्यालयमा चिकित्सा शास्त्रको अध्ययन सूरु गरे तर पछि उनी आफुलाई मनपर्ने गणित तथा भौतिकविज्ञान अध्ययन गर्न थाले । उनी अध्ययनमा पनि निकै पोक्त थिए ।

भौतिक विज्ञानको स्वतन्त्र ढङ्गले आफ्नो विचार बनाउन सक्ने स्थिति नभएकोले उनले अन्तत: पिसा विश्वविद्यालय पढ्न छोड्ने निर्क्यौल निकाले । तयसपछि स्वअध्ययनबाट नै सन् १५८८तिर ग्यालिलीयोले विश्वविद्यालयको कोर्स पुरा गरे । विश्वविद्यालयको कोर्स पुरागरीसकेपछि उनले बोलोग्ना विश्वविद्यालयमा गणित विभागको अध्यक्ष हुन दर्खास्त हाले तर उनलाई स्वीकृत गरिएन। बोलोग्नामा नियुक्तिपाउन नसकेपनि गणित शास्त्रीको रुपमा ग्यालिलीयो ग्यालिलीको प्रख्याती झन बढ्दै गयो ।उनलाई विभिन्न ठाँउबाट गणितज्ञ प्रवचनको लागि निमन्त्रणा आउन थाल्यो जसमा उनी सरीक हुदै जान थाले । उनको बौद्धिक प्रतिभाको जताततै प्रसंसा हुन थाल्यो । यो देखेर पिसा विश्वविद्यालयले उनलाई आफ्नो विद्यालयमा सहभागी गरायो । उनी गणितको शिक्षक मात्र भएनन् , गणित विभागको अध्यक्ष समेत भए । २५ वर्षको कलिलो उमेरमा नै अध्ययन क्षेत्रमा ठूलो छलाङ्ग मारेका थिए उनले ।

ग्यालिलीयो ग्यालिली टेलिस्कोपको आविस्कारक पनि हुन टेलिस्कोपको आविस्कार गरेर यिनले खगोल विज्ञानमा क्रान्ति नै लेराइदिएका दिए । आजभन्दा करिब चारसय वर्ष अघि मानिसहरु मात्र नभएर वैज्ञानिकहरुले पनि ग्रह ,चन्द्रमाँ सूर्य तारालाई नाङ्गो आँखाले हेर्दथे तर अहिले आएर टेलिस्कोपकको विभिन्न स्वरुपहरु विकाश भएको छ जस्ले खगोल विज्ञानमा नयाँ रहस्य र वैज्ञानिक मान्यताहरु पत्ता लागेको छ। जुन टेलिस्कोपको प्रणेता हुन् : ग्यालिलीयो ग्यालिली ।

पिसा विश्वविद्यालयमा अध्ययन कालमा नै यिनले अरस्तुको विचारको खण्डन गर्न थाले । विज्ञान शिक्षाको मान्यता छ -पुराना सिद्धान्त, मान्यता , नियमहरु मथि आँखा चिम्लेर विश्वास नगर , अविश्वास गर, सन्देह गर र सवाल उठाऊ ।यदी ग्यालिलीयोले युनानी (ग्रीक) दार्शनिक अरस्तुको २००० वर्ष पुरानो दार्शनिक मान्यतालाई आखाँ चिम्लेर विश्वास गर्नु भएको भए आज यो विश्वको विज्ञान क्षेत्रपनि यति विशाल ढङ्गले विकास हुन पाउन्नथ्यो । ग्यालिलीयो दार्शनिक अरस्तुको परम्परागत सिद्धान्तलाई असत्य साबित गर्दै सत्य र सही सिद्धान्त पत्ता लगाउनु भयो । अरस्तुले भनेका थिए एक साथ खसेको गाह्रौ बस्तु चाँडो र हलुका बस्तु ढिलो पृथ्वीको सतहमा पुग्दछ। तर ग्यालिलीयो यस कुरालाई मान्न तयार भएनन् । तसर्थ उनले यस कुरालाई परिक्षण गरे । उनले परीक्षणबाट एकैसाथ खसालेका हलुका र गाह्रो बस्तु एउटै समयमा जमिनको सतहमा पुगेको पाए । आफ्नो कुरालाई सार्वसाधारणको सामु सहि सावित गराउन उनी पिसा शहरको विश्व प्रसिद्ध "झुकेको धरहरा "माथि चढे । उनले आफ्नो परिक्षण देखाउन मानिसहरुलाई धरहरा वरीपरी भेला गराएका थिए । धरहरा माथि पुगेपछि उनले गाह्रो र हलुका दुइवटा ढुङ्गा माथिबाट तल फाले । हलुङ्गो ढुङ्गा र गह्रौं ढुङ्गा एकसाथमा जमिनमा खस्यो । यसरी विज्ञान क्षेत्रमा नयाँ यथार्थता उनले प्रमाणित गरे ।

पिसा विश्वविद्यालय छाडिसकेपछि ग्यालिलीयोलाई भेनिसमा रहेको पडुवा विश्वविद्यालयमा गणित शास्त्र पढाउनको लागि बोलाइयो । पडुवा विश्वविद्यालयमा रहदा ग्यालिलीयो गणितको अनुसनधान मा पूर्णरुपमा डुबे र त्यही समय उनले 'कम्पास ' को आविस्कार गरे । त्यस्तै उनले खस्दै गरेको बस्तुको गति सम्बन्धी प्रकृतिक नियमहरुका महत्वपूर्ण तथ्यहरु पत्ता लगाए ।

यसैबीच ग्यालिलीयोले ब्रम्हाण्डको सम्पूर्ण ग्रह र ताराहरुको बिचम सूर्य पर्दछ भने । यस्तै , उनले ब्राम्हाण्डको विचमा रहेको सूर्यलाई पृथ्वी लगायत पछि अन्य सम्पूर्ण ग्रह र ताराहरुले घुम्छन् भने । टेलिस्कोप , कम्पास लागायत दर्जनौ वैज्ञानिक आविस्कार र मान्यताहरु दिन सफल महान वैज्ञानिक ग्यालिलीयोको मृत्यु सन् १६४२ मा ७७ वर्षको उमेरमा भयो । हाल ग्यालिलीयो हाम्रो माझ हुनुहुन्न तपाई हामी बिच उहाँको महानत्म वेज्ञानिक आविस्कार र मान्यताहरु कहिल्यै हराउने छैन । वास्तवमा ग्यालिलीयो ग्यालिली महान वैज्ञानिक हुनुहुन्छ । विश्व वैज्ञानिक संसारमा उहाँ सदासर्वदा अमर रहनु हुनेछ भन्ने कुरामा दईमत नहोला, .... ।

# राजनीति र प्रशासनप्रति बढ्दो वितृष्णा

**–लक्ष्मी विलास कोइराला**

राज्यको उत्पतिसँगै प्रशासनको जन्म भएको हो। जनताका माग र आवश्यकता सरकारसम्म सरकारका निर्णयहरू जनतासम्म पुऱ्याएर प्रशासनले सरकार र जनतालाई जोड्ने काम गरेको हुन्छ। प्रशासन सरकार सञ्चालनको मेरूदण्ड हो भने सरकार प्रशासनको अधिकार र भरोशाको स्रोत हो। प्रशासनिक संगठनको उच्च पदसोपानमा मन्त्री रहन्छ र उसलाई मन्त्रालयको सबै काम गर्ने संवैधानिक कानूनी प्रशासनिक अधिकार हुन्छ। सैद्धान्तिकरूपमा मन्त्री उच्च पदमा रहे पनि नीति निर्माण र कार्यान्वयनमा सचिवको सहयोग, सहभागिता भएन भने कुनै उपलब्धि हासिल हुदैन्। यसकारण, राजनीति र प्रशासनबीच घनिष्ट संवन्ध रहन्छ र एकको अभावमा अर्को पूर्ण हुन सक्दैन्।

राजनीति र प्रशासनको कार्यजिम्मेवारी फरक फरक भएर पनि दुईबीच अन्तरसंवन्धित र अन्तरघुलित सम्बन्ध रहेको हुन्छ। प्रशासनको धर्म र कर्तव्य "गर्भन्मेन्ट अफ द डे" हो भने राजनीतिको सत्य "एडमिनिस्ट्रेसन एट प्रिजेन्ट" हो। यसकारण, देशको शासन सञ्चालनको परिणाम राजनीति र प्रशासनको संयुक्तक्रियामा निर्भर गर्दछ। तर व्यवहारमा कहिले मन्त्री शक्तिशाली हुने र कहिले सचिव शक्रिशाली हुने अवस्था आउने गरेकोछ। मन्त्री र सचिवले आफनो क्षमता प्रस्तुत गर्न नसक्नाले कार्यसम्पादनका चरणमा दुई बीच विवाद र मनमुटाव देखा पर्ने गर्दछ।

देशको नीति निर्धारण गर्ने अधिकार र जिम्मेवारी सरकार अर्थात विभागीय मन्त्रीको हो भने कार्यान्वयन गर्ने जिम्मेवारी कर्मचारीतन्त्र अर्थात मन्त्रालयको सचिवको हो। नीति निर्धारण कार्यमा निजामती कर्मचारीको कुनै संवैधानिक भूमिका रहदैन्। तर पनि निजामती कर्मचारीले नीति निर्धारण कार्यमा मन्त्रीलाई निर्भिकरूपमा आवश्यक सूचना, निष्पक्ष सल्लाह र आफना विचार प्रस्तुत गर्नुपर्दछ, भनिन्छ। यसकार्यमा निजामती कर्मचारीले सहयोग नगरेमा वा विचार व्यक्त नगरेमा वा आफुलाई मन नपरेको कारणबाट नीति निर्धारण कार्यमा बाधाअवरोध गरेमा निजामती कर्मचारीले आफनो कर्तव्य र मर्यादा दुबै भङ्ग गरेको ठर्हछ।

निजामती कर्मचारी जनताका सेवक हुन्। उनीहरूको मुख्य कर्तव्य जनप्रतिनिधित्व गर्ने सरकारलाई नीति निर्माण कार्यमा सहायता पुऱ्याउनु र नीति कार्यक्रम कार्यान्वयन गर्नु हो। निजामती सेवा सत्तामा रहेको राजनैतिक नेतृत्वबाट गरिएको निर्णयलाई प्रभावकारीरूपमा कार्यान्वयन गर्ने साधनको रूपमा रहेको हुन्छ। सचिवको अधिकारको स्रोत विभागीय मन्त्री हो भने सचिव आफनो कार्यसम्पादनका लागि मन्त्रीप्रति उत्तरदायी हुने हुन्छ। यसकारण मन्त्रालयको काम गर्न मन्त्री र सचिवको संयुक्त प्रयास आवश्यक हुन्छ। नीति कार्यक्रम कार्यान्वयनमा मन्त्रीले सचिवलाई काम गर्न नसघाएमा वा कामगर्दा हस्तक्षेप गरेमा सरकार नै सफल हुदैन्।

कर्तव्य पालनामा निजामती कर्मचारीहरू संविधानमा निहित प्रजातान्त्रिक मूल्यमान्यताहरूप्रति निष्ठावान रही दलगत राजनीतिदेखि तटस्थ रहनुपर्दछ। निजामती सेवाको निष्पक्षतामा आघात पर्न गयो भने त्यसको प्रतिकूल प्रभाव देशको शासन प्रणालीमाथि पर्न जान्छ। निर्वाचित सरकार जुनसुकै राजनीतिक दलको भएपनि निजामती कर्मचारी निर्वाचित सरकारप्रति वफादार रहनुपर्दछ। सरकार र जनताको विश्वास जित्नुपर्दछ। जनताको नजरमा कर्मचारीको राजनीतिक तटस्थतामा शंका उत्पन्न हुन सक्ने गरी मन्त्रीले कुनै काम गर्न वा नगर्न दवाव वा निर्देशन दिनु हुदैन्। निजामती कर्मचारीले पनि कुनै निर्णय लिंदा वा कार्यगर्दा आफनो व्यक्तिगत राजनीतिक विचारधारामा आघात पर्ला भन्ने दृष्टिकोण राखी कुनै कार्य गर्ने वा नगर्ने वा कुनै निर्णय लिने नलिने गर्नु पनि हुदैन्।

सचिवले मन्त्रीलाई विभिन्न विषयहरूमा निर्भिक भएर आफनो राय वा सल्लाह प्रस्तुत गर्नुपर्दछ। मन्त्रीलाई आफनो रायसल्लाह मन पर्ने छैन वा अरूचिकर हुनेछ वा मन्त्री रूष्ट हुने संभावना छ भन्ने धारणा राखी सही राय प्रस्तुत गर्नु वा नगर्नु हुदैन। र मन्त्रीबाट निर्णय भै सकेपछि उक्त निर्णय आफनो विचारअनुरूप नभए पनि आफनै निर्णय हो भन्ने धारण राखी कर्मचारी कार्यान्वयन गर्न वा सफल तुल्याउन दिलोज्यानले लाग्नुपर्दछ। मन्त्रीले पनि निजामती कर्मचारी केवल रूचीकर हुने राय वा सुझाव दिने संयन्त्र हुन् भन्ने संझनु हुदैन र कर्मचारीले निर्भिकतासाथ दिएको भिन्न रायसुझावको आफनै हीतको सम्बर्द्धन हुने हो भन्ने दृष्टिकोण अपनाउनु पर्दछ।

मन्त्री र सचिवबीच रहेको विश्वासमा सरकारको दक्षता निर्भर गर्दछ। निजामती कर्मचारीले कार्यसम्पादनको सिलसिलामा प्राप्त गरेका सबै सूचानाहरू गोप्य राख्नुपर्दछ। गोपनीयता भङ्ग गरी सूचना अन्यत्र दिएमा त्यस्तो कर्मचारीमाथि कारवाही गर्नुपर्दछ। मन्त्रीले पनि कर्मचारीलाई कुनै गैरकानूनी काम वा अनियमित काम गर्न दवाव दिनु हुदैन र मन्त्रीबाट त्यस्तो दवाव आएमा कर्मचारीले मर्यादापूर्णढंगले प्रतिकार गर्नुपर्दछ।

राजनीति र प्रशासनबीचको सन्बन्धको बारेमा दुई फरक मत रहेकाछन्। राजनीति र प्रशासनको फरक फरक भूमिका हुन्छ भन्ने एक मत छ भने अर्को मत राजनीति र प्रशासनको भूमिका उस्तैउस्तै हने र एकअर्कालाई अलग गर्न नसकिने भन्ने रहेकोछ। मन्त्री र सचिवको भूमिका कहाँबाट शुरू हुन्छ र कहाँ गएर अन्त हुन्छ ? स्पष्ट गर्न कठिन छ। तापनि सुशासन ऐन २०६४ ले मन्त्री र सचिवको भूमिका छुटयाउने कोशिस गरेको भएपनि त्यसको कार्यान्वयन भने हुन सकेको देखिदैन्। मन्त्री मन्त्रालयको दैनिक काम कारवाहीमा संलग्न हुन रूचाउने र सचिव नीति निर्माण प्रक्रियामा संलग्न हुन चाहने प्रवृति बढदै गएको देखिन्छ। मन्त्रीसँगको किचलोले सचिव विभिन्न वहानामा प्रधानमन्त्रीको साखुल्ले बन्न खोज्ने र मन्त्री सचिव बाहेक अन्य कर्मचारीसँग काम गराउन उद्यत हुने कारण मन्त्री र सचिवको संबन्ध शंका र विवादको घेरामा हुर्किरहेको हुन्छ। जस्ले कार्यसम्पादन क्षमतामा नराम्रो असर पर्दछ।

राजनीति र प्रशासनको विवाद मन्त्री र सचिवका क्रियाकलाप र बोलिचालीमा देखापर्दछ। सरकारका मन्त्रीहरूले सार्वजनिकरूपमा नै सचिवले झुक्याए भन्दै भाषण गर्दै हिड्छन्। सचिवलाई दोषि देखाएर आफु पानीमाथिको ओभानो बन्ने प्रवृति राजनीतिक वृतमा स्थापित छ। तर पनि प्रशासनिक अनुशासन, आचार संहिता र पदसोपानको मर्यादा राख्दै सचिवहरू सार्वजनिकरूपमा बोल्ने वा प्रेसमा जाने गर्दैनन्। मन्त्रीसँग विवाद भए पनि प्रशासक मौनअसहमति र मौनद्वन्द्व लिएर काम गरिरहेको हुन्छ। जननिर्वाचित मन्त्री र मेरिट पद्धतिअनुरूप लोक सेवा आयोगबाट छानिएर सचिव भएकाहरू कसैले पनि जनतालाई अरूचिकर हुने कुरा बोल्नु र काम गर्नु हुदैन्।

सचिव वलियो भयो भने मन्त्री वलियो हुन्छ। मन्त्री नेतृत्व गर्न सक्षम हुने हो भने मन्त्रालय परिणाममूखी हुनेहुन्छ। मन्त्री र सचिवबीचको विवादले समग्र मन्त्रालयको कार्यसम्पादन क्षमता तथा कर्मचारी प्रशासनमा नकारात्मक असर पर्ने मात्र होईन प्रेस र सामाजिक सञ्जालको कारण राजनीति र प्रशासनप्रति जनतामा वितृष्णा पैदा हुने गर्दछ। नेपालको प्रशासनिक ईतिहासमा मन्त्री बलदेव मजगैया (सचिव लोकमानसिंह कार्की) र रामेश्वर खनालको (मन्त्री भरतमोहन अधिकारी) राजीनामा मन्त्री र सचिवको विवादका उपज थिए। यसकारण मन्त्री र सचिवको विवदलाई प्रारम्भमा नै समाधान गर्न प्रधानमन्त्रीले समयमा नै हस्तक्षेप गर्नु आवश्यक हुन्छ। ***(मधेश दर्पण फिचर सेवा)***

# १६ औं निजामती सेवा दिवस देशभर भव्य र सभ्य रुपमा सम्पन्न

काठमाडौं। निजामती कर्मचारीहरूले १६ औं निजामती सेवा दिवस देशभर भव्य र सभ्यरुपमा मनाइएको छ। 'सक्षम निजामती प्रशासन : विकास, समृद्धि र सुशासन' भन्ने मूलनाराका साथ दिवस मनाइएको हो।

बर्दियामा प्रमुख जिल्ला अधिकारी रामबहादुर कुरुम्बाङ्गको अध्यक्षता र जिल्ला न्यायधीश शंकर राज बरालको प्रमुख आथित्यतामा भव्य र सभ्य रुपमा निजामती सेवा दिवस २०७६ जिल्ला प्रशासन कार्यालय बर्दिया गुलरियाको सभाहलमा सम्पन्न गरिएको छ।

कार्यक्रमलाइ सम्बोधन गर्दै प्रमुख जिल्ला अधिकारी रामबहादुर कुरुम्बाङ्गले कार्यालय समयलाइ असर नपर्ने गरि कर्मचारी ट्रेड युनियनले आफना गतिविधिहरु सञ्चालन गर्नुपर्ने बताए। निजामती सेवा दिवसको अवसर पारेर आइतबार जिल्ला प्रशासन कार्यालय बर्दियाको सभाहलमा आयोजित कार्यक्रममा बोल्दै कार्यकमका प्रमुख अथिति जिल्ला न्यायधीश शंकरराज बरालले निजामती कर्मचारीहरुलाई इमान्दारिताका साथ देशप्रति समर्पित भएर काम गर्न आग्रह गरे। जिल्ला न्यायधीश बरालले अनुशासनहिन काम नगर्न पनि कर्मचारीलाई सुझाव दिए।

कार्यक्रममा बोल्दै आधिकारिक ट्रेड युनियन जिल्ला अध्यक्ष यामबहादुर खत्री, आधिकारिक ट्रेड युनियनका उपाध्यक्ष द्रोणराज शर्मा, नेपाल निजामती कर्मचारी युनियन संघ बर्दियाका उपाध्यक्ष गोविन्द त्रिपाठी, निजामती कर्मचारी संगठनका शालिकराम पराजुली लगायतले आ-आफनो धारणा राख्दै कर्मचारी ट्रेड युनियनको माँग अनुसार कर्मचारी समायोजन नगरिएकोले यस वर्ष सङ्घ, प्रदेश र स्थानीय तहमा कर्मचारी समायोजन गरे पनि परिणाममुखी नभएको उनीहरुको भनाइ छ।

कोष तथा लेखा नियन्त्रण कार्यालयका प्रमुख कोष नियन्त्रक प्रेमचन्द्र भुषालले नेतृत्वका कारण निजामती सेवा सुधार हुन नसकेको बताउदै बदलिँदो परिस्थितिअनुसार निजामती कर्मचारीको क्षमता विकास गर्न सरकारले ध्यान दिनुपर्ने बताए।

नेपालमा हरेक वर्ष भदौ २२ गत देशभरि विभिन्न कार्यक्रम गर्दै निजामती सेवा दिवस मनाईन्छ। विसं २०६२ सालबाट यस दिवसको सुरुवात भएको हो, वास्तवमा तत्कालीन प्रधानमन्त्री टंक प्रसाद आचार्यले विसं २०१३ साल भदौ २२ गते निजामती ऐन ल्याएको दिन पारेर यो दिवस मनाउन थालिएको हो। यस दिन सामान्य प्रशासन मन्त्रालयले उत्कृष्ट निजामती कर्मचारीहरुलाई पुरस्कृत गर्ने, पूर्व कर्मचारी अर्थात सेवानिवृतहरुलाई पनि सम्मान गर्ने आदि विभिन्न निजामती कर्मचारीलाई उत्साहित र प्रेरित गर्ने कार्यक्रमहरु आयोजना गर्दछ।

# चार जनालाई सचिवमा बढुवा

काठमाडौं। सरकारले दुई जना कायममुकायम सचिव र दुई जना वरिष्ठ सहसचिवलाई विशिष्ट श्रेणी (सचिव) मा बढुवा गरेको छ। प्रधानमन्त्री निवास बालुवाटारमा आइतबार बसेको मन्त्रिपरिषद् बैठकले कामु सचिवद्वय तोयम राय र तोयानारायण ज्ञवालीलाई सचिवमा बढुवा गरेको हो।

लोकसेवा आयोगका अध्यक्षको संयोजकत्वमा रहेको बढुवा समितिको सिफारिसमा परेका सामान्य प्रशासन समूह (क्लस्टर) का ६ सहसचिव (दुई कामु सचिवसहित) बाट दुई जनालाई पदोन्नति गरिएको हो। राय प्रदेश ३ र ज्ञवाली प्रदेश ५ को कामु प्रमुख सचिव थिए। उनीहरूलाई सोही ठाउँको प्रमुख सचिवमा पदस्थापन गरिएको छ।

सरकारले इन्जिनियरिङ क्लस्टरका दुई वरिष्ठ सहसचिव ऋषिराम शर्मा र रवीन्द्र श्रेष्ठलाई सचिवमा बढुवा गरेको छ। शर्मालाई वरिष्ठबाट र श्रेष्ठलाई बढुवा समितिले सिफारिस गरेका तीन जनामध्ये बढुवा गरिएको हो। मन्त्रिपरिषद्ले शर्मा र श्रेष्ठलाई कुनै मन्त्रालय या निकायमा पदस्थापन गर्न बाँकी छ।

# महेन्द्रनगरमा पहिलो पटक एफटीटीएच सेवा

महेन्द्रनगर। नेपाल टेलिकमले एउटै केबलबाट उच्च गुणस्तरको टेलिफोन र द्रुत गतिको इन्टरनेट प्रयोगमा ल्याउन सकिने फाइबर टु द होम (एफटीटीएच) सेवाको शुभारम्भ कन्चनपुरको महेन्द्रनगरमा पनि गरेको छ। कम्पनीले हालै महेन्द्रनगरमा पहिलो पटक एफटीटीएच सेवाको औपचारिक शुभारम्भ गरेको हो। महेन्द्रनगरमा आयोजित एक कार्यक्रममा एफटीटीएच प्रविधिमार्फत सञ्चालित टेलिफोनबाट क्षेत्रीय




निर्देशनालय धनगढीका निर्देशक नामाकर न्यौपानेले कम्पनीका प्रबन्ध निर्देशक डिल्लीराम अधिकारीलाई फोन गरेर सो सेवाको शुभारम्भ गर्नुभएको हो।

निर्देशक न्यौपानेले प्रबन्ध निर्देशक अधिकारीलाई महेन्द्रनगरमा एफटीटीएच वितरण शुभारम्भ भएको जानकारी गराउदै सो क्षेत्रमा यसको क्षमता र आगामी दिनको योजना बारेमा बताउनु भएको थियो। प्रबन्ध निर्देशक अधिकारीले नयाँ प्रविधि शुभारम्भ भएकोमा खुसी व्यक्त गर्दै नयाँ ग्राहकहरुलाई बधाइ दिनुभएको थियो।

कार्यक्रममा उपस्थित नयाँ ग्राहकहरुलाई क्षेत्रीय निर्देशक न्यौपानेले एफटीटीएच जडानका लागि आवश्यक सीपीई (कस्टमर प्रिमिसेज इक्विपमेन्ट) वितरण गर्नुभएको थियो। हाल महेन्द्रनगरमा जडान गरिएका दुईवटा एफडीसी (फाइबर डिष्ट्रिब्युसन क्याबिनेट) को १ हजार २४ लाइन एफटीटीएच वितरण क्षमता रहेको छ। यसमध्ये ७ सय ६८ लाइन तत्काल वितरण गर्न सकिने छ। महेन्द्रनगरको बजार क्षेत्रमा गल्ली नम्बर १ देखि ४ सम्म एफटीटीएच हाल उपलब्ध छ। आगामी दिनमा जिल्लामा थप ७ वटा एफडीसी जडान गरी प्राय शहर र घना वस्ती क्षेत्रमा सेवा विस्तार गर्ने कम्पनीको योजना रहेको छ।

नेपाल टेलिकमले एफटीटीएच अन्तर्गत व्यक्तिगत र कर्पोरेट युजर प्याकेज उपलब्ध गराइरहेको छ। जस अन्तर्गत न्यूनतम एक वर्षका लागि ८ एमबीपीएसको प्याक जम्मा ८ हजार रुपैयाँमा उपलब्ध छ। हाल एफटीटीएच प्याकेज अन्तर्गत नयाँ लाइन जडान गर्ने ग्राहकले एक थान वाइफाई राउटर (सीपीई) र एक सय मिटर फाइबर निःशुल्क प्राप्त गर्नेछन्। एफटीटीएच प्रविधिमार्फत परम्परागत तामाको तारको सट्टामा घरसम्म अप्टिकल फाइबर पुऱ्याई ट्रिपल प्ले अर्थात भ्वाइस, उच्च गतिको इन्टरनेट र भिडियो सेवाहरु प्रदान गर्न सकिने भएकोले ग्राहकहरुको लागि यो सेवा प्रभावकारी र अत्याधुनिक पनि छ। पहिले एडीएसएल प्रयोग गरिरहेका ग्राहकले पनि अपग्रेड गरी एफटीटीएच सेवा लिन सक्नेछन्। यो आईपीमा आधारित सेवा हो। एफटीटीएच सेवा सम्बन्धी थप जानकारीका लागि कम्पनीको वेबसाइट https://www.ntc.net.np/pages/view/fiber-to-the-home-ftth मा हेर्न सकिन्छ।

यसैवीच, नेपाल टेलिकमले विगत लामो समयदेखि आफ्ना पोस्टपेड ग्राहकहरुलाई लक्षित गरी ८७ मुलुकका १ सय ९२ भन्दा बढी दूरसञ्चार सेवा प्रदायक कम्पनीहरुसंगको सहकार्यमा अन्तर्राष्ट्रिय रोमिङ सेवा उपलब्ध गराइरहेको छ। त्यसैगरी गत २०७६ बैशाख १६ बाट जीएसएम प्रिपेड मोबाइल सेवाका ग्राहकहरुका लागि पनि दुई छिमेकी मुलुकहरु भारत र चीनमा रोमिङ सेवा उपलब्ध गराएको छ।

हाल रोमिङमा हुँदा भ्वाइस र एसएमएस आदान-प्रदान गर्ने सुविधा मात्र रहेकोमा आज मिति २०७६ भाद्र २० देखि छिमेकी मुलुक भारतमा अन्तर्राष्ट्रिय डाटा रोमिङ सेवा पनि उपलब्ध हुनेछ।

अन्तर्राष्ट्रिय डाटा रोमिङ सेवामा सामयिक परिमार्जन गर्ने उद्देश्यले विगतका दिनहरुमा सञ्चालनमा रहेको अन्तर्राष्ट्रिय डाटा रोमिङ सेवा केही समय बन्द गरिएकोमा हाल पुनः सञ्चालनमा ल्याइएको हो। अब उप्रान्त नेपाल टेलिकमका ग्राहकहरुले अन्तर्राष्ट्रिय रोमिङ सुविधा प्राप्त गरी भारतमा जाँदा भ्वाइस र एसएसएम (SMS) का साथै इन्टरनेट सेवा पनि उपयोग गर्न सक्नुहुनेछ।

२०७६ भाद्र १९ सम्म अन्तर्राष्ट्रिय रोमिङ सेवा क्रियाशील अवस्थामा रहेका सम्पूर्ण पोस्टपेड तथा प्रिपेड ग्राहकहरुलाई यो डाटा रोमिङ सेवा स्वतः उपलब्ध हुनेछ। उक्त मिति पश्चात् अन्तर्राष्ट्रिय रोमिङ सेवा लिने ग्राहकहरुलाई भने सेवा दर्ता गरेकै समयमा भ्वाइस, एसएमएस तथा इन्टरनेट सेवा उपलब्ध हुनेछ।

जीएसएम पोस्टपेड तथा प्रिपेड ग्राहकहरुले हाललाई डाटा रोमिङ सेवा छिमेकी मित्रराष्ट्र भारतमा प्रयोग गर्न सक्नेछन्। निकट भविष्यमै यो सेवा अन्य देशहरुमा पनि विस्तार गर्दै लगिने छ। यो सेवा सम्बन्धी अन्य जानकारीका लागि कम्पनीको वेबसाइट https://www.ntc.net.np/pages/view/intl-roaming-data मा पनि हेर्न सकिनेछ।

हार्दिक शुभकामना
संविधान दिवसको पावन अवसरमा लोकतन्त्रको संरक्षण तथा संबर्धन गर्दै देश विकासमा अग्रसर हुन हाम्रा राजनीतिक दलका नेतामा सद्बुद्धि पलाओस् भन्दै शुभकामना व्यक्त गर्दछौं।
के तपाई ट्याक्टर खोज्दै हुनुहुन्छ ? सस्तो दरमा गैंडाकोटभरी ५००।- र थुम्सी सम्मको ६००।- मात्र।
राजकुमार सुनार
मोबाइल नं. ९८११४७२६८१, गैंडाकोट
(सानो ट्याक्टर ना.४.त. १३६८)

हार्दिक शुभकामना
संविधान दिवसको पावन अवसरमा लोकतन्त्रको संरक्षण तथा संबर्धन गर्दै देश विकासमा अग्रसर हुन हाम्रा राजनीतिक दलका नेतामा सद्बुद्धि पलाओस् भन्दै शुभकामना व्यक्त गर्दछौं।
कृष्णप्रसाद सापकोटा
दमेक ट्रेडर्स
गैंडाकोट-५, नवलपुर

# पर्यटन मजदुर समाज नेपालको प्रथम वार्षिकोत्सव सम्पन्न




काठमाडौं । पर्यटन क्षेत्रमा काम गर्ने मजदुरहरुको संगठन पर्यटन मजदुर समाज नेपालको प्रथम वार्षिकोत्सव सम्पन्न भएको छ । काठमाडौंको स्रोहखुट्टे नयाँबजारमा शनिबार संगठनको वार्षिकउत्सव सम्पन्न भएको हो ।

नेपाल एसोसिएसन अफ टूर तथा ट्राभल एजेन्ट्स (नाटा)का अध्यक्ष सीएन पाण्डेको प्रमुख अथित्यतामा भएको कार्यक्रममा नेपाल टुरिष्ट भ्याकल एशोसिएसनका अध्यक्ष रामशरण कार्की विशेष अतिथि रहेका थिए भने प्रहरी नायब निरिक्षक मदनराज उपाध्याय, सगरमाथा इन्सुरेन्सका विनोद थापा, नेपाल चाइनिज गाइड एशोसिएसनका उपाध्यक्ष कपिल क्षेत्री, राजन खनाल, चलचित्र विकास बोर्डका पूर्व सदस्य कलाकार उत्तम केसी, चलचित्र पत्रकार संघ उपाध्यक्ष गीता अधिकारी, गीतकार संघ नेपालका महासचिव वसन्त वित्यासी थापा, साहित्यकार शैलेन्द्र चापागाई, निर्देशक सञ्जय पाण्डेलगायतका अतिथिहरु रहेका थिए ।

सञ्चारकर्मी दीप ज्योतिले सहजीकरण गरेको कार्यक्रममा पर्यटन मजदुर समाज नेपालका महासचिव सुदर्शन खत्री 'दिलवर'ले स्वागत मन्तव्य राखेका थिए ।

अतिथिहरुले शुभकामना मन्तव्य राख्ने क्रममा पर्यटन मजदुर समाज नेपालले छोटो समयमै उल्लेखनिय काम गरेको भन्दै समाजले पर्यटन वर्ष २०२०लाई सफल बनाउँन आफ्नो ठाउँबाट विशेष भुमिका खेल्न सक्ने बताएका थिए । त्यस्तै समाजले गरेका कार्यहरुको प्रशंसा गर्दै आगामी समयका लागि शुभकामना दिएका थिए ।

समाजका अध्यक्ष राजकुमार अधिकारीको सभापतित्वमा सम्पन्न भएको कार्यक्रममा अथितिहरुलाई मायाको चिनो प्रदान गरिएको थियो भने समाजलाई सहयोग गर्ने विभिन्न सहयोगी संस्थालाई प्रमाणपत्र प्रदान गरिएको थियो । अध्यक्ष कार्कीले समाजले छोटो समयमा गरेका कार्यहरुको विवारण प्रस्तुत गर्नुका साथै यस क्षेत्रमा काम गर्ने मजदुरहरुको विविध समस्या उजागर गर्नुका साथै त्यसको समाधानका लागि पहल गर्ने बताए । उनले पर्यटन वर्ष २०२०लाई सफल बनाउ यो समाजले विशेष पहल गर्ने प्रतिवद्धता पनि व्यक्त गरे ।

त्यस्तै समाजका कोषध्यक्ष भीमसेन टी लामाले यो एक वर्षमा समाजले ५६ जना मजदुरहरुको १० लाखको वीमा गरेको जानकारी गराए ।

पर्यटन मजदुर समाज नेपालमा अध्यक्ष राजकुमार अधिकारी, बरिष्ठ उपाध्यक्ष रुद्र भुसाल, उपाध्यक्ष माधवप्रसाद घिमिरे, महासचिवमा सुदर्शन खत्री 'दिलवर', कोषाध्यक्ष भीमसेन टी लामासहित १५ सदसीय कार्यसमिति रहेको छ ।

# भदौं २५ गतेदेखि फर्निचर तथा फर्निसिङ एक्स्पो




काठमाडौं । फर्निचर तथा फर्निसिङ एक्स्पो फर्नेक्सको तयारी पुरा भएको छ । राजधानीमा पत्रकार सम्मेलनको आयोजना गरी प्रदर्शनीस्थलको भौतिक काम बाहेकको सबै तयारी पुरा भएको आयोजक संस्थाले जानकारी दिएको हो ।

नेपाल फर्निचर तथा फर्निसिङ संघको आयोजनामा यही भदौ २५ गतेदेखि चल्ने सातौं संस्करणको फर्नेक्स २०१९ को सबै तयारी पुरा भएको संघका अध्यक्ष रुपेश प्रधानले बताउनु भयो । 'विगत वर्षमा जस्तै यस पटक मेलाको सबै तयारी पुरा भएको छ । परिष्कृत रुपमा मेला आयोजना हुन लागेको जानकारी गराउँन पाउँदा हामीलाई खुसी लागेको छ ।' संघका अध्यक्ष प्रधानले पत्रकार सम्मेलनमा भन्नु भयो ।

बढ्दो आधुनिक जीवनशैलीसँगै बढ्दै गएको इन्टेरियर डिजाइनका लागि एक्स्पो उचित गन्तव्य हुने बताइएको छ । किचन, बेडरूम, बाथरूमका साथै आउटडोर फर्निचर, इण्टेरियर डिजाइनर, कार्पेट, मार्बल लगायत सामग्री प्रदर्शनीको मुख्य आकर्षण रहने आयोजकको भनाई छ । यसैगरि कार्पेट, पर्दा, म्याट्रेस, डेकोरेशन सामग्री, होम डेकोर, अफिस फर्निचर, होम अप्लाइन्सेज, मेशिनरी औजारका साथै वास्तुसँग सम्बन्धित उत्पादन प्रदर्शनीको आकर्षण बन्ने आयोजकको विश्वास छ ।

फर्नेक्स २०१९ को शिर्ष प्रायोजक जेम फ्लोरिङले गरेको छ भने मुख्य प्रायोजकमा हेरिटेज फ्लोरिङ कार्पेट इण्डस्ट्रिज प्रा.लि, हाइटेक्स कार्पेट, जेन्शा कार्पेट र हलेसी डेकोर रहेका छन् । एक्स्पोलाई नेपाल चेम्बर अफ कमर्श तथा नेपाल फर्निचर तथा फर्निसिङ व्यवसायी महासंघले समर्थन गरेका छन् । यसैगरी यस एक्सपोलाई नेपाल हस्तकला महासंघ र नेपाल इन्टेरियर डिजाइनर एशोसीएसनले सहयोग गरेका छन् ।

मौलिक तथा परम्परागत फर्निचरका साथै आधुनिक शैलीका फर्निचरका उत्पादनका बारेमा जानकारी लिन सेवाग्राहीलाई एक्स्पो उचित गन्तव्य हुने फर्नेक्स २०१९ का संयोजक मनीष अग्रवालले बताउनु भयो । नेपाली उत्पादनलाई प्राथमिकतामा राखिदिन आम उपभोक्तालाई आग्रह गर्दै संयोजक अग्रवालले नेपाल फर्निचरमा आत्मनिर्भर हुने बाटोमा अघि बढेको बताउनु भयो ।

प्रदर्शनीमा फर्निचरको प्रदर्शनी मात्र नगरी त्यसका उपयोगिता, प्रयोग विधि, बनोटका बारेमा पनि अवलोकनकर्तालाई जानकारी गराउने आयोजकको भनाई छ । यसका अलावा फर्निसिङ व्यवसायमा आधुनिक प्रविधि भित्र्याउँदै फर्निचरजन्य उत्पादनमा मुलुकलाई आत्मनिर्भर बनाउन एक्स्पोले टेवा पुर्याउने अपेक्षा गरिएको छ ।

एक्स्पोको व्यवस्थापन इभेण्ट सोलुसन प्रा.लिले गरेको छ । इभेण्ट सोलुसन प्रा.लिका प्रबन्ध निर्देशक विजय सागर प्रधानले फरक शैलीमा एक्स्पोको सातौं संस्करण आयोजना हुन लागेको जानकारी दिनु भयो । फर्निचर क्षेत्रको प्रविधि अवलोकनकर्ताको मूख्य आकर्षण बन्न सक्ने उहाको भनाई थियो ।

५ दिनसम्म चल्ने एक्स्पोमा स्वदेशी तथा विदेशी गरी १ सय २० हाराहारीमा फर्निचर र फर्निसिङजन्य सामग्रीका स्टल रहनेछन् । नेपालमा उपलब्ध फर्निचर तथा फर्निसिङका उत्पादनको प्रवर्द्धन गर्ने उद्देश्यले सन् २०१२ देखि नियमित रुपमा एक्स्पोको आयोजना हुँदै आएको छ ।

# असोज १४ गतेदेखि नयाँ नोट

काठमाडौं । नेपाल राष्ट्र बैंकले दसैंका लागि नयाँ नोट असोज १४ गतेबाट वितरण सुरु गर्ने भएको छ । राष्ट्र बैंकले तीन सरकारी बैंकसहित निजी क्षेत्रका बैंक तथा वित्तीय संस्थालाई पनि सटही सुविधा दिने भएको छ । निजी क्षेत्रका बैंकले भने निश्चित रकम मात्र सटहीका लागि पाउनेछन् । राष्ट्र बैंकले ५, १०, २०, ५० र १०० दरका नयाँ नोट प्रति व्यक्ति २० हजार रुपैयाँसम्म उपलब्ध गराउने भएको छ । यसअघि राष्ट्र बैंकले काठमाडौंस्थित बैङ्किङ कार्यालय र आफ्ना क्षेत्रीय कार्यालयहरूबाट नयाँ नोट साट्ने गर्थ्यो । यसपालि सर्वसाधारणको सुविधाका लागि नेपाल बैंक, राष्ट्रिय वाणिज्य बैंक र कृषि विकास बैंकबाट पनि सर्वसाधारणका लागि नयाँ नोट वितरण गर्ने व्यवस्था मिलाएको छ । राष्ट्रबैकले तीन सरकारी बैंकमार्फत पैसा साटन आउने सबैलाई आवश्यक रकम उपलब्ध गराउने जनाएको छ ।

**कुन कुन शाखावाट पाइन्छ ?**

नेपाल बैंकको काठमाडौं बैङ्किङ अफिस, न्यूरोड, बालाजु, पाटन, कीर्तिपुर र भक्तपुरबाट सर्वसाधारणले रकम साटन पाउनेछन् । राष्टिय् वाणिज्य बैङ्कको सिंहदरबार प्लाजा, टेकु, नयाँ बानेश्वर, सानोठिमी, विशालबजार र नक्साल शाखाबाट नयाँ नोट साटन सकिन्छ । त्यस्तै कृषि विकास बैंकको गौशाला, कोटेश्वर, रामशाहपथ, रत्नपार्क र मंगलबजारबाट नोट साटन सकिन्छ ।



# बैकिङ्ग संसार

## मुक्तिनाथविकास बैंकद्धारा धुर्मुस सुन्तली फाउण्डेसनलाई सहयोग

काठमाडौं । मुक्तिनाथ विकास बैंक लि.ले धुर्मुस सुन्तली फाउण्डेसनको बहुप्रतिष्ठित योजना गौतम बुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रङ्गशाला निर्माणका लागि रु ५००,०००/- वित्तिय सहयोग स्वरुप चेक प्रदान गरेको छ । उक्त चेक मुक्तिनाथ विकास बैंकका कार्यकारी प्रमुख अधिकृत प्रद्युमनपोखरेलले धुर्मुस सुन्तली फाउण्डेसनका अध्यक्ष सीताराम कट्टेल ( धुर्मुस ) लाई हस्तान्तरण गर्नुभएको थियो ।

हालै मात्रमुक्तिनाथ विकास बैंकको आफ्नै रेमिट, मुक्तिनाथ रेमिटले चाडपर्वलाई लक्षित गरी भाद्र ०१, २०७६ देखि कार्तिक ३० गतेसम्मलागूहुने गरी रेमिट्यान्स (विप्रेशण) केन्द्रित **' ७६ साल ७६ उपहार, चाडपर्वसंग खुसीको वहार'** अभियान सञ्चालन गरेको छ । विकास बैंक लि.ले देशैभरी रहेका शाखाहरुबाट आफ्नाग्राहकहरुलाई विभिन्नकिसिमकानिक्षेप तथाकर्जा सुविधाहरु, रेमिट्यान्स सेवा, बैंकास्योरेन्स, आस्वा, मोबाइल बैंकिंङ्ग सुविधाका साथै देशैभरी भिषा नेटवर्क अन्तर्गत रहेका ATM बाट निःशुल्क रकमझिक्नमिल्ने सेवाहरु उपलब्ध गराएको छ । बैंकले क्यान्सर उपचार र दुर्घटना मृत्यु बीमामा आवद्ध गरी जीवन वरदान बचत खातातथा, आकर्षक सुविधा र व्याजदरमाआवास तथा सेयर कर्जा पनि सञ्चालनमा ल्याएको बैंकका प्रमुख सुचना अधिकारी तिलबहादुर गुरुङ्गले जानकारी दिनुभयो ।




यसैवीच, मुक्तिनाथ विकास बैंक लि.ले सस्थागत सामाजिक उत्तर दायित्व कार्यकम अन्तर्गत प्रेमसागर फाउण्डेसन नेपालले धादिङ्गको थाके गाउँपालिका-५, दामेचौरमाआयोजना गरेको जनभोज अभियानलाई आर्थिक सहयोग गरेको छ । यस फाउण्डेसनले हरेक दिनकरिब ५०० स्कुले बालबालिका तथा वृद्धवृद्धाहरुलाई निःशुल्क भोजन खुवाउदै आएको र करिब १५०० स्कुले बालबालिकालाई ताजाखाजा स्कुलमा पुऱ्याउदै आएको छ ।बैंकले जनभोजको लागि एक दिनको लागतखर्च रकम रु ५०,००० सहयोग गरेको छ । उक्तउक्त सहयोग रकम मुक्तिनाथ विकास बैंकका धार्के शाखाका प्रमुख राजीव आचार्यले प्रेमसागर फाउण्डेसन नेपालका व्यवस्थापक भोला राउतलाई हस्तान्तरण गर्नुभयो ।

मुक्तिनाथविकास बैंक लि.ले देशैभरी १२० वटा शाखा, २२ वटा ए.टि.एम. र करिब सात लाख ग्राहकहरुलाई विभिन्न किसिमका निक्षेप तथाकर्जा सुविधाहरु, रेमिट्यान्स सेवा, बैंकास्योरेन्स, आस्वा, मोबाइल बैंकिंङ्ग सुविधाका उपलब्ध गराउँदै आएको छ ।

## कामना सेवाका र इष्टर्न एजेन्सीजबीच सम्झौता

काठमाडौं । ज्ञानेश्वरमा केन्द्रीय कार्यालय रहेको कामना सेवाविकास बैंक लिमिटेड र इष्टर्न एजेन्सीज प्रा. लि. बीचमा व्यापार सम्झौता सम्पन्न भएको छ ।

यस सम्झौता अनुसार इष्टर्न एजेन्सीज प्रा. लि मार्फत सिफारिस भई आएका ग्राहकहरूले बैंकको सबै शाखा कार्यालयहरुबाट सहज र छरितो रुपमा Eicher का विभिन्न प्रकारका सवारी साधनहरुमा कर्जा सुविधा लिन सक्नेछन् । सम्झौतापत्रमा कामना सेवा विकास बैंकको तर्फबाट प्रमुख कार्यकारी अधिकृत प्रविण वस्नेत र इष्टर्न एजेन्सीज प्रा. लि.को तर्फबाट प्रबन्धक निर्देशक डिम प्रसाद पौडेलले हस्ताक्षर गर्नुभएको थियो ।



काठमाडौं, ज्ञानेश्वरमा केन्द्री यकार्यालय रहेको बैंकले देशका विभिन्न स्थानमा ९८ वटा शाखातथा४५ वटा ATM मार्फत ग्प्रहकहरुलाई आफनो सेवाहरु प्रदानगर्दै आएको छ। साथै बैंकले ABBS, SMS Banking, Mobile Banking, C-ASBA लगायतका माध्यमबाट समेत सम्पूर्ण बैंकिङ्ग सेवाहरु उपलब्ध गराउँदै आएको तथा समय सापेक्ष आफ्ना सेवाहरु थप गर्दै जाने बैंकको योजना रहेको छ ।

## महालक्ष्मी विकास बैंक र नेपाल क्यान्सर अस्पताल बीच सम्झौता

काठमाडौं । महालक्ष्मी विकास बैंक लिमिटेडले आफ्ना ग्राहकका लागि स्वदेशमै गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने हेतुले नेपाल क्यान्सर अस्पताल तथा रिसर्च सेन्टर प्रा. लि.सँग हालै एक सम्झौता गरेको छ । उक्त सम्झौता पत्रमा बैंकका प्रमुख कार्यकारी अधिकृत कृष्णराज लामिछाने र अस्पतालका कार्यकारी अध्यक्ष डा. सुदीप श्रेष्ठले हस्ताक्षर गर्नुभएको हो । उक्त सम्झौतापत्र एक कार्यक्रमका बीच अस्पतालका कार्यकारी अध्यक्ष डा. सुदीप श्रेष्ठलाई हस्तान्तरण गरिएको छ ।



उक्त सम्झौता अनुसार बैंककाग्राहक, कर्मचारी, कर्मचारीका परिवार लगायत बैंकका संस्थापक/सेयरधनीहरुले नेपालक्यान्सर अस्पतालमा उपचार गराउँदा सेवा शुल्कमा छुट पाउनु हुनेछ । सम्झौत ।अनुसार बैंकका डेबिट कार्ड प्रयोग गर्ने ग्राहक, कर्मचारी साथै कर्मचारीका परिवारले रेडियोलोजी, ल्यावरेटरी र बेड चार्जमा १०%, रेडियसन थेरापी र बीच थेरापीमा ५% तथा क्यान्सर स्किनिङ प्याकेजमा १०% आकर्षक छुट प्राप्तगर्न सक्नु हुनेछ ।

देशका ९९ वटा शाखाहरुबाट बैंकिङ्ग सेवाप्रदानगर्दै आएको महालक्ष्मी विकास बैंक लि. ले आगामी दिनहरुमा उक्त अस्पतालसँग संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत विभिन्न स्वास्थ्यसँग सम्बन्धीत कार्यक्रमहरु गर्दै जाने सहमति गरेको छ ।

# अलमलमा प्रदेश सरकार

**डा. शिवराज पण्डित**

यो महिनाको पहिलो हप्ता नेपाल बारको बैठक सिलसिलामा यो पङ्क्तिकार ५ नं. प्रदेशको राजधानी बुटवल पुगेको थियो । बुटवल पुगेपछि प्रदेश सरकारको योजना र कार्यक्रमहरूको विषयमा जानकारी लिने सोच बन्यो । सोही अनुसार मुख्यमन्त्री कार्यालयदेखि भौतिक योजना मन्त्रालयसम्मका आधा दर्जन मन्त्रालय र यसै महिना स्थापना भएको प्रदेश लोक सेवा आयोगको कार्यालयसमेत पुगियो ।

सो क्रममा केही मन्त्रालयका मन्त्रीहरूसँग कुरा भयो र मन्त्री अनुपस्थित भएका मन्त्रालयमा सचिव र उपसचिव दर्जासम्मका कर्मचारीसँग छलफल र कुराकानी भए । छलफलमा प्रदेश सरकारको योजना तथा कार्यक्रमका विषयको अलवा प्रदेश सरकारको भूमिकाको विषयमा समेत कुरा भए । प्रदेश सरकारको भूमिकाको विषयमा कर्मचारीहरूमा दुई प्रकारको धारणा रहेको पाइयो । पहिलो उपसचिवसम्मका कर्मचारीले प्रदेश सरकारको भूमिका सन्तोषजनक नभएको, सङ्घीय सरकारले कर्मचारीहरूलाई विभेद गरेको, प्रदेश सरकारको आवश्यकता र औचित्यता पुष्टि गर्न प्रदेश सरकार असफल भएको तर्क प्रस्तुत गरे भने सचिव स्तरका कर्मचारीले भने प्रदेश सरकारको भूमिका सन्तोषजनक भएको प्रतिक्रिया दिए ।

जनस्तरबाट समेत प्रदेश सरकारको भूमिकाको विषयमा प्रश्न खडा भइरहेको परिवेशमा स्थायी सरकार भनेर चिनिने कर्मचारीहरूले समेत प्रदेश सरकारको भूमिकाप्रति असन्तोष व्यक्त गर्नु शुभ सङ्केत होइन । सरकारले नीति तथा कार्यक्रम निर्माण गर्छ र सरकारले निर्माण गरेको नीति तथा कार्यक्रमलाई जनस्तरमा कार्यान्वयन गर्ने काम कर्मचारीले गर्छन् । सरकारको सफलता र असफलता स्थायी सरकार (कर्मचारी) मा भर पर्छ । कमजोर मानसिकता र हीनताबोध बोकेको कर्मचारीले सरकारको कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न सक्दैनन् र परिणामस्वरूप जनताले सरकारबाट आशा गरेअनुसारको फल पनि प्राप्त गर्न सक्दैनन् ।

प्रदेश सरकारको मुख्य जिम्मेवारी पाएका र मन्त्रीहरूको निकट रहेर मन्त्रालयको हर्ताकर्ता भएका सीमित सचिवहरू प्रदेश सरकारको भूमिकाप्रति सन्तोष व्यक्त गर्नु स्वाभाविक हो किनकि सरकारलाई दोष लगाउँदा त्यसको तीर आफूतिर फर्कने डरले पनि सरकारको कामप्रति सन्तोष व्यक्त गरेको हुन सक्छ । तर बहुसङ्ख्यक कर्मचारी जो उपसचिवदेखि तल्लो स्तरको पदमा कार्यरत छन् । उनीहरूले असन्तोष व्यक्त गर्नु राम्रो कुरा होइन ।

मेरो अध्ययनमा कर्मचारीको बहुसङ्ख्यक तप्का प्रदेश सरकारको भूमिकाप्रति असन्तोष व्यक्त गर्नुमा मूलतः चारवटा मनोविज्ञानले काम गरेको हुनु पर्छ । पहिलो एकात्मक व्यवस्थाअन्तर्गतको केन्द्रीकृत मानसिकतामा चलेको कर्मचारीलाई सङ्घीय ढाँचाको विकेन्द्रीकृत संरचनामा चल्न असहज हुनु, दोस्रो काठमाडौँमा अवसर र पदोन्नति देख्ने कर्मचारीहरूले प्रदेशमा सो अवसर नदेख्नु, तेस्रो सरकारले सङ्घीय निजामती, प्रदेश निजमाती र स्थानीय सरकारअन्तगर्तको कर्मचारीका रूपमा विभाजन गर्ने गरी कानुन निर्माण गर्ने प्रक्रियामा रहेको र यसले एउटै प्रक्रियाबाट नियुक्त भएका कर्मचारीलाई पनि पदोन्नति, सरुवालगायत अन्य अवसरमा समेत विभेद सिर्जना गर्ने परिस्थिति निर्माण हुनु र चौथो प्रदेश सरकारको नेतृत्व तहमा बस्नेहरूले आफ्नो भूमिका र औचित्यता पुष्टि गर्न नसक्नु ।

पेसाका दृष्टिले कर्मचारीका आवाज आफ्ना ठाउँमा ठीक होलान् तर बहुसङ्ख्यक कर्मचारीले सङ्घीयतालाई सहज रूपमा स्वीकारेको छैन । यो विषयमा धेरै उदाहरण दिइरहनु पर्दैन कर्मचारी समायोजनमा भएको ढिलासुस्तीले यो कुरालाई पुष्टि गर्छ । राष्ट्र सेवक कर्मचारी सरकारले खटाएको ठाउँमा बिनाहिचकिचाहट वा अवरोधबिना जानु पर्थ्यो र पर्छ पनि । यो परिस्थिति निर्माण हुनुमा कर्मचारीको मात्र दोष छैन । साना ठूला सबै राजनीतिक दलहरूले आफ्नो स्वार्थ पूरा गर्नका लागि भातृ सङ्गठन जस्तै गरी कर्मचारीहरूको सङ्गठन निर्माण गर्नाले पनि कर्मचारी समायोजनमा समस्या पैदा भएको हो ।

विश्वको इतिहास हेर्ने हो भने राजनीतिक व्यवस्था परिवर्तनपछि कर्मचारी व्यवस्थापनको विषयमा विशेषतः दुईवटा मोडेलहरू बढ्ता चर्चामा रहेको पाइन्छ । पहिलो ली क्वान मोडेल (सिङ्गापुरको ढाँचा ) र दोस्रो नेल्सन मन्डेला मोडेल (दक्षिण अफ्रिका मोडेल) । सिङ्गापुरमा पुरानो व्यवस्था परिवर्तन गरी नयाँ ढाँचाको राजनीतिक प्रणाली स्थापना गरेपछि राष्ट्रपति ली क्वानले पुरानो राजनैतिक संरचनाअन्तर्गतका सम्पूर्ण कर्मचारीलाई सुविधासहित बिदा दिई नयाँ कर्मचारी भर्ना गरेका थिए । त्यस्तै दक्षिण अफ्रिका जुन पछिल्लो मोडेल हो त्यहाँ नेल्सन मण्डेलाले रङ्गभेदी आन्दोलनमा आफू विजय भई सङ्घीय प्रजातान्त्रिक व्यवस्था स्थापना गरेपछि नयाँ सङ्घीय संरचनाअन्तर्गत कार्यरत हुने पुरानो संरचनामा काम गरेका कर्मचारीलाई नयाँ सङ्घीय व्यवस्थालाई स्वीकार गरी साथ दिने या अस्वीकार गर्ने शर्त अघि सारे । परिवर्तनलाई स्वीकार गर्ने कर्मचारीहरूलाई सुधार गरी नयाँ सङ्घीय संरचनामा समायोजन गरेका थिए । दुवै ढाँचामध्ये कुनै एक ढाँचा नेपालले लागू गर्न सक्थ्यो तर राजनीतिक इच्छाशक्ति कमी भएका कारण राजनीतिक व्यवस्था परिवर्तन भएको लामो समय भइसक्दासम्म पनि सहज रूपमा कर्मचारी समायोजन हुन सकेका छैनन् ।

सङ्घीय, प्रदेश र स्थानीय सरकार बस्नेहरूले कर्मचारीमाथि मात्र दोष थुपारेर आफू चोखो हुन सक्दैनन् । कर्मचारीहरूले सरकारले निर्माण गरेको नीति तथा कार्यक्रलाई कार्यान्वयन गर्ने निकाय मात्र हो । नीति तथा कार्यक्रमहरू जनमुखी नहुनुमा कर्मचारीको मात्र दोष हुँदैन । ७ वटा प्रदेशमध्ये ६ वटा प्रदेशमा नेकपाको नेतृत्वको सरकार छ । यो नेकपाका लागि अवसर हो । प्रदेश सरकार बलियो भयो भने केन्द्र सरकार बलियो हुन्छ । सरकार बलियो हुनु भनेको पार्टी पनि बलियो हुनु हो । केन्द्र र स्थानीय सरकार पुरानै एकात्मक व्यवस्थामा पनि बलियो सरकार मानिन्थ्ये । तर नयाँ सङ्घीय संरचनाअन्तर्गत निर्माण भएको प्रदेश सरकार नयाँ अभ्यास हो । प्रदेश सरकारहरूले आफ्नो भूमिकाका आधारमा प्रदेश संरचनाको औचित्यतता आफै सिद्ध वा पुष्टि गर्न सक्नु पर्छ । पुष्टि गर्न सकेनन् भने प्रदेशको संरचना विघठनको विषयमा जनस्तरबाट थप दबाब सिर्जना हुन सक्छ ।

प्रदेश सरकारको भूमिका मापन गर्ने विभिन्न सूचकहरू हुन सक्छन् । ती सूचकमध्ये गत आ.व.मा ती सरकारहरूले पुँजीगत खर्चको आधार एउटा आधार हुन सक्छ । दोस्रो जनस्तरबाट हेर्दा कुन वर्ग लाभान्वित हुने गरी प्रदेश सरकारले खर्च गरे भन्ने कुरा पनि त्यत्तिकै महत्त्वपूर्ण हुन्छ । पुँजीगत खर्चको तथ्याङ्क हेर्ने हो भने ५ नं प्रदेशको सबैभन्दा बढी ६१ प्रतिशत र सबैभन्दा कम कर्णाली प्रदेशको करिब ३० प्रतिशतको हाराहारीमा खर्च भएको देखिन्छ । पुँजीगत खर्चको सिलिङ उकालो चढ्नु मात्र प्रदेश सरकारको प्रभावकारिताको मापन हुन सक्दैन । कम्युनिस्ट नेतृत्वको सरकारले कुन वर्गलाई प्रत्यक्ष फाइदा पुग्ने गरी गरिब जनताबाट उठाएको कर र तिनै गरिब जनता भँजाएर ल्याएको ऋण र अनुदानको रकम खर्च गर्यो भन्ने कुरा महत्त्वपूर्ण हुन्छ ।

सरसर्ती हेर्दा प्रदेश सरकारका योजना तथा कार्यक्रमहरू दिगो विकास लक्ष्यतर्फ केन्द्रित छैनन् । प्रदेश सरकारका कार्यक्रमहरू अन्तर्राष्ट्रिय र राष्ट्रिय स्तरका गैरसरकारी संस्था आईएनजीओका कार्यक्रमभन्दा माथि उठ्न सकेका छैनन् । परियोजना प्रस्ताव माग गर्ने र सेटिङका आधारमा आफू निकट समूह वा व्यक्तिहरूले खोलेको गैसस, सहकारी, निजी फर्म र परामर्शदाता आदिमार्फत करोडौं रूपैयाँ वितरण गरिएको छ । कतिपय जिल्लामा त प्रदेश सांसदकै मिलोमतो र सेटिङमा स्मार्ट कृषि फर्म, भैँसी, कुखुराका नाममा प्रदेश सरकारबाट अनुदान रकम लिई सांसद नै सेयरधनी बनी सरकारी धनलाई व्यक्तिको धनमा परिणत गर्ने आपराधिक काम भएको छ । यस्तो दुष्कर्मबाट प्युठान पनि अछुतो छैन । विगतका अभ्यासहरू हेर्दा गैससहरू गरिबको घरदैलो पुग्थ्ये । उनीहरूलाई प्रत्यक्ष रूपमा सहभागी गराएर अनुदान रकम र वस्तुभाउ बाँढ्थे र सशक्तीकरणमा समेत सहभागी गराउँथे । तर अहिले गरिबले प्रदेश र स्थानीय सरकारबाट आउने यस प्रकारका कार्यक्रमको सुइँकोसम्म पाउँदैनन् गरिबको नामबाट टाठाबाठाको रजाइँ छ ।

अन्त्यमा प्रदेश सरकारहरूले आफ्नो भूमिकालाई पारदर्शी र जवाफदेही गराउन जरुरी छ । कतिपय परियोजनामा केन्द्र, प्रदेश र स्थानीय सरकारको डुब्लिकेसनको कुरा पनि उठेकोछ । यो तत्काल हटाउनु पर्छ । स्वाभाविक रूपमा केन्द्र र स्थानीय सरकारको तुलानामा प्रदेश सरकारले नयाँ संरचनाको कारण धेरै चुनौतीहरूको सामना गर्नु पर्यो र अझै परेको पनि छ । प्रदेश राजधानी र प्रदेश नामकरणको विषय पेचिलो मुद्दाका रूपमा जीवितै छ । यावत समस्या र चुनौतीहरू हुँदाहुँदै पनि प्रदेश सरकारहरूले आफू हिंड्ने फराकिलो रोडम्याप तयार गर्नु पर्छ । समयमै रोडम्याप तयार गर्न प्रदेश सरकारहरू असफल भए भने प्रदेश सरकारको विकल्प खोज्ने दिन निकट भविष्यमा आउने देखिन्छ ।

*(स्रोतः रातोपाटी)*

# 'न्याय नपाए गोर्खा जानु भन्छन्, तर म गोर्खामै अन्यायमा परें'

गोरखा। गोरखा, भीमसेन गाउँपालिका( ४ का सविन कुमार ३२ वर्षका भए । तर हालसम्म उनले बाबुको नामको नागरिकता पाएका छैनन् । उनकी आमा साईली भनिने चेपा परियार हुन् भने बाबु पुडासैनी (हाललाई नाम गोप्य राखिएको) । आमा दलित भएकै कारण सविन र उनको आमालाई पुडासैनी परिवारले स्वीकार गरेन । स्थानीयहरूको पहलमा सुत्केरी खर्च र सामान्य जीवनयापन खर्च बेहोर्ने गरी नवजात शिशुसँगै उनकी आमालाई माइतमा बस्न लगाइयो ।

दलितसँग बिहे गरेको बहानामा पुडासैनी परिवारलाई गाउँलेहरूले बहिष्कार गरे । सविनका बाबु गाउँ छोडेर भारततिर पसे । लामो समयपछि गाउँ फर्किएका उनलाई सविनले नागरिकता बनाइदिन आग्रह गर्दै आए तर पुडासैनीले भोलि भोलि भनेर वर्षौंसम्म झुलाइरहे ।

कुनै चलचित्रको कहानीजस्तो लाग्ने सविनको वास्तविक जीवन भोगाइ कम मार्मिक छैन । उनी पुनः एकपल्ट अहिले न्यायको ढोका ढकढक्याउने प्रयत्न गर्दैछन् । हाल लक्का जवान (चलचित्रको हिरो)जस्तै भएका सविन आफू र आफ्नो आमामाथि भएको ज्यादतीको कानुनी उपचार खोज्ने तयारीमा छन् ।

केवल ४ कक्षा पढेका सविन कानुनी प्रक्रियाबारे मेसो नपाएर धेरै ठाउँमा भैंतारिए । सविन कानुनी उपचारमा लागेको थाहा पाएर अहिले पुडासैनी परिवार सविनलाई पैसाको प्रलोभन देखाएर कहिले प्रेमपूर्वक र कहिले धम्कीको भाषामा केश मिलाउन दवाब दिइरहेको कुरा सविन बताउछन् ।

'मेरी आमा दलित, उनीहरू गाँउकै खानदानी परिवार, मेरी आमाको न्यायको निम्ती कसैले पहल गरिदिएनन' सविनले गुनासो पोखे । उनले अगाडि भने- 'मेरो मामाघरको हजुरबुवा पुडासैनी परिवारकै घरमा कपडा सिलाउने गर्नुहुन्थ्यो । त्यसै क्रममा मेरी आमा र पुडासैनी नजिक भएका र पुडासैनीले आमालाई कतै बिहे नगर्न दवाव दिने गरेका थिए रे ।

पुडासैनीबाट बिहेको आश्वसन पाएर आमाले पटक पटक हुन अन्त लागेको बिहे पनि रद्द गर्नु भएछ । मैले ४ कक्षासम्म मात्र पढेको छु । चार कक्षामा पढ्दासम्म मैले थर पुडासैनी नै लेखेको थिएँ । मैले थर पुडासैनी लेखेको बहानामा पुडासैनी परिवारले मलाई स्कुल नै जान दिएन । मेरो पढ्ने धोको अपूरै रह्यो ।'

सविनले आफ्नो वाल्यकाल सम्झदै भने- 'मेरो अनुहार बुबाको अनुहारसँग ठ्याक्कै मिल्दोजुल्दो छ । म सानोमा खेल्दै बुबाको घरतिर पुग्दा वहाँहरू मलाई कुटपिट गरेर लखेट्ने गर्नुहुन्थ्यो । बुबाको माया पाउने त परको कुरा, बरू उल्टै पटकपटक बुबाको पिटाइ खाँदै हुर्किएको छु । न्याय नपाए गोर्खा जानु भन्नछन् , तर गोरखा नै जन्मिएर ३२ औं वसन्त पार गर्दासम्म मैले न्याय पाउन सकेको छुइनँ ।'

सविनको आमा र बाबुको सम्बन्धका बारेमा गाँउका सबैलाई जानकारी छ । उनीहरुले पनि सविनलाई कानुनी प्रक्रियामा जान सुझाएका छन् । 'कहाँ गएर बोल्नु पर्छ , वास्तविकता बोल्न हामी तयार छौं तर तिमीले बाबुको नामबाट पाउनु र्ने हक अधिकार पाउनुपर्छ' भनेर गाउँलेहरूले प्रोत्साहन दिने गरेको सविन सुनाउँछन् ।



सविन हाल भोटाहिटीको साझा भण्डारको भर्याङमुनि सानो सिलाई पसल सञ्चालन गरेर जीविकोपार्जन गरिरहेका छन् । अन्ठाउन्न वर्ष पुगेकी उनकी आमा रोगी र आँखा नदेख्ने छिन् । उनले न पति कायम भएका छन्, न त एकल महिलाको दर्जा पाउन सकेकी छन् । सविन भन्छन् 'अब म पनि बुझ्ने भएको छु, आमालाई बुढेसकालमै भए पनि न्याय दिलाएरै छोड्छु ।'

**कानुनी उपचार कसरी ?**

सविनको समस्या सुनिसकेपछि वरिष्ठ अधिवक्ता बोर्णबहादुर कार्कीले यो समस्याको कानुन उपचार हुने बताए । उनले अहिलेको विज्ञानको युगमा कसैले आफ्नो कुकर्मलाई होईन भनेकै भरमा उन्मुक्ति पाउन नसक्ने धारणा व्यक्त गरे । जिल्ला अदालतमा नाता कायम गरी पाउँ भन्ने उजुरी दिएपछि सविन र उनकी आमाले न्याय पाउने उनको भनाइ रहेको थियो ।

*(सामाजिक सञ्जाल फेसबुकबाट)*

# रामेछाप डायरी

## मन्थली–लुक्ला नियमित उडानको लागि पहल भइरहेको छ

तीन नम्बर प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री कैलाश ढुंगेलले मन्थली विमानस्थलबाट लुक्ला नियमिति उडानको लागि पहल गरिरहेको बताएका छन् । उनले जिल्लालाई पर्यटकीय गन्तव्यको रुपमा विकास गर्नको लागि पनि मन्थली-लुक्ला उडानलाई नियमित गर्नुपर्ने काममा आफूहरु लागि परेको बताएका हुन् ।

मन्त्री ढुंगेलले भने,'लामो पहल गरेकै कारण मन्थली विमानस्थल कालोपत्र भएको छ, संघीय सरकारले स्तरउन्नती पनि गर्दै छ, राजधानी काठमाडौंको नजिकै रहेको मन्थली विमानस्थलबाट अब लुक्ला नियमित रुपमा उडान गर्नुपर्छ ।' उनले मन्थली-काठमाडौं पनि साताको एक दिन उडान गर्नुपर्ने पक्षमा संघीय सरकारका पर्यटन मन्त्री योगेश भट्टराईसँग कुराकानी भइरहेको बताएका छन् ।

पर्यटन मन्त्री भट्टराईले राजधानी नजिकै रहेको मन्थली विमानस्थलको स्तरउन्तती गर्ने कार्यक्रमलाई आफ्नो प्राथमिकता राखेका छन् । यस अघि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल मर्मत गर्ने समयमा विकल्पमा मन्थली-लुक्ला उडान भएको थियो ।

## नागरिकलाई केन्द्रमा राखेर सेवा प्रवाह गर्न प्रजिअ पाण्डेको निर्देशन

रामेछापका प्रमुख जिल्ला अधिकारी लिला कुमारी केसी पाण्डेले कर्मचारीहरुले नागरिकलाई केन्द्रमा राखेर काम गर्न निर्देशन दिनुभएको छ ।




उहाँले नागरिकमैत्री सेवाले मात्र कर्मचारीहरुले नागरिकको मन जित्न सक्ने बताउनुभएको हो ।

निजामती सेवा दिवको अवसरमा सदरमुकाम मन्थलीमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै प्रजिअ पाण्डेले नागरिकलाई केन्द्रविन्दुमा राखेर नागरिकमैत्री सेवा प्रवाह गर्न कर्मचारीलाई उर्जा मिलोस भन्ने शुभकामना दिनुभयो । कार्यक्रममा जिल्लास्थित सरकारी कार्यालयका कर्मचारीहरुको सहभागीता रहेको थियो । निजामती दिवसको अवसरमा उक्त कार्यक्रम राखिएको थियो ।

## म माथि अन्याय भो अब हेडक्वार्टरमा उजुरी दिन्छुः खड्का



नेकपा जिल्ला कमिटीका सदस्य एवं लिखु तामाकोसी गाउँपालिकाका अध्यक्ष गोविन्द खड्काले आफूमाथि पार्टीका केही व्यक्तिले अन्याय गरेको बताएका छन् । उनले पार्टीको जिल्ला कमिटीले गर्नुपर्ने निलम्बन प्रदेश कमिटीका केही व्यक्तिहरुले गरेको भन्दै आपत्ति जनाएका हुन् ।

अध्यक्ष खड्काले भने,'मैले राम्रो काम गर्दागर्दै पार्टीले म माथि अन्याय गर्यो, अब हेडक्वार्टरमा उजुरी दिन्छु ।' प्रदेश कमिटीका सचिव आनन्द पोखरेल र रामेछापका सांसद श्याम श्रेष्ठको नामै तोकेर व्यक्ति विशेषले गरेको निर्णय आफूलाई मान्य नभएको र उक्त विषय पार्टी केन्द्रमा पुर्याउने बताएका छन् ।

खड्काले जिल्ला अदालतमा मुद्दा हारे उच्च अदालत र सर्वोच्च अदालत जान पाइने नियमजस्तै निलम्बन फुकुवा गरी पाउ भन्दै पार्टी हेटक्वार्टरमा उजुरी दिने बताएका छन् । खड्कामाथि गाउँपालिकाभित्र विद्युतीकरण काममा घोटला गरेको आरोप उपाध्यक्ष सहित बहुमत कार्यपालिकाका सदस्यहरुले लगाएका थिए । जुन विवादकै कारण खड्का पार्टीको कारवाहीमा परेका हुन् ।

खड्काले जनआकाशसँग कुरा गर्दै अपराधि जोगाउन पार्टीका माथिल्ला नेताहरु लागिपरेको र जिल्ला कमिटीमा १३५ सदस्य हुन्छ, त्यस कमिटीले कुनै पनि स्पष्टीकरण, बैठक केही नबोलाई प्रदेश कमिटीले गरेको निर्णय वैधानिक होइन त्यसकारण आफू पार्टी हेडक्वार्टर जान लागेको बताए ।

# देशैभरी सुपथ मूल्य पसल सञ्चालन

काठमाडौं । हिन्दु धर्मावलम्बीहरुको महान् चाड वडा दशैं, तिहार र छठलाई लक्षित गर्दै नेपाल खाद्य संस्थान, साल्ट ट्रेडिङ्ग र दुग्ध विकास संस्थानले उपत्यकासहित देशका विभिन्न स्थानमा ७३ वटा सुपथ पसल सञ्चालनमा ल्याउने छ । हिजो सोमबारदेखि देशैभरी सुपथ मूल्य पसल सञ्चालनमा आएको हो ।

नेपाल खाद्य संस्थान उपत्यकाको ५ स्थानसहित उपत्यका बाहिरका १८ स्थानमा गरी कुल २३ स्थानमा सुपथ मूल्यको पसल हुनेछन् । त्यस्तै, साल्ट ट्रेडिङ्गले उपत्यकामा ११ र उपत्यका बाहिर २२ र दुग्ध संस्थानले उपत्यकाका ४ स्थानसहित उपत्यका बाहिरका ११ स्थानमा सुपथ मूल्यका पसलहरु खोल्न लागेको खाद्य संस्थानका महाप्रवन्ध योगेन्द्र गौचनले बताए ।

ठूला चाडहरु दशैं, तिहार र छठलाई नै मध्यनजर गर्दै बजारमा हुने चरम महङ्गी अभाव र व्यथितिलाई व्यवस्थापन गर्दै सर्वसाधारणमा सहज सुलभ र गुणस्तरिय खाद्यान्न प्रदान गर्ने उद्देश्यले सुपथ मूल्यको पसल सञ्चालन ल्याइएको लागिएको महाप्रवन्धक गौचनले बताए ।

# एसिड आक्रमणको बढ्दो ग्राफ

**ऋतिक यादव**

गत शुक्रबार बिहानै वीरगन्ज महानगरपालिकाको गणेशमान चोकमा १५ वर्षीया स्कुले छात्रा मुस्कान खातुनमाथि दुई युवाद्वारा एसिड प्रहार भएको घटना अहिले सामाजिक सञ्जालमा छाएको छ । छापा, प्रकाशन, अनलाइन, रेडियो, टिभी, युट्युब सबैमा त्यसमाथि बृहत् चर्चा परिचर्चा जारी छ । पीडित किशोरीको अनुहार, हात र शरीरको धेरै भाग एसिडले जलेको छ । वीरगन्जको नारायणी अस्पतालमा प्रारम्भिक उपचार गरेर उनलाई कीर्तिपुर अस्पतालमा पठाइएको छ । एकतर्फी प्रेमका कारण केटा पक्षले आफ्नो प्रस्ताव स्वीकार नगरेकाले पहिला पानीमा मिसाएर खुवाउन प्रयास गरेको र त्यो विफल भएपश्चात् शरीरमा प्रहार गरेको प्रारम्भिक अनुसन्धानको ठहर छ । प्रयुक्त घटनाले देशका छोरीचेली असुरक्षित भएका प्रतिनिधि घटनाका रूपमा दर्ज भएको छ । हुन त, यो कुनै पहिलो घटना त होइन, देशभर तेजाब आक्रमणका अनेकन् घटना छन् र रोकिएका पनि छैनन् । आक्रमणकै क्रममा कैयनको मृत्युसमेत भइसकेको र धेरै गम्भीर घाइते भएका घटना इतिहासबाट सजिलै खोतल्न सकिन्छ ।

पछिल्लो समयमा यस्ता एसिड आक्रमणका जघन्य घटना नियमितजसो घटिरहेका छन् । बढी चर्चामा परेका केहीबारे लेख्न जरुरी ठान्छु । गत वर्ष प्रदेश २ को रौतहट चन्द्रपुर नगपालिका-६ की १८ वर्षया सम्झना दास र उनकी बहिनी १५ वर्षीया सुस्मिता दासमाथि सोही नगरपालिकाका ५० वर्षीय रामबाबु पासवानद्वारा प्रेम प्रस्ताव नमानेकाले एसिड आक्रमण भएको थियो । जसमध्ये सम्झनाले जीवन नै गुमाउनुपर्‍यो, सुस्मिता जीवनमरणको दोधारमा छिन् ।

यस्तै, काठमाडौंको वसन्तपुरमा एसईईको तयारी गरिरहेका संगीता पुलामी मगर र सीमा बस्नेतमाथि अज्ञात समूहद्वारा र कालोपुलमा जेनी खड्कामाथि आफ्नो श्रीमानबाटै एसिड प्रहार भएको घटनाले त्यतिकै बहस पाएको थियो र छ पनि । रूपन्देहीको बुटवलमा रेस्टुरेन्टमा सुतिरहेकी तुलसा सापकोटाले एसिड आक्रमणका कारण ज्यानै गुमाइन् । नवलपुलकी २७ वर्षीया बसन्ती परियारमाथि युवकको एक समूहद्वारा भएको एसिड आक्रमण आज पनि स्मरणीय छ । अछामको तुर्माखाँद गाउँपालिका-४ मा ६ महिने अबोध बालकको समेत तेजाब खन्याएर हत्या गरिएको समाचार सुनिएको थियो नै ।

एसिड आक्रमण कुनै मानिसलाई मार्ने, कुरूप बनाउने वा अंगभंग गर्ने उद्देश्यले उसको शरीरमा एसिड फालेर गरिने एक प्रकारको हिंसा वा अपराध हो । अम्ल फ्याँक्दा विशेषतः मानिसको अनुहारमा फ्याँकिएका घटना बढी पाइन्छ । यो घटनाबाट पुरुषको सापेक्षमा महिलाहरू बढी पीडित देखिन्छन् । अम्ल आक्रमणले पीडितको छालाको तन्तु सखाप पार्न सक्छ भने हाडजोर्नीमा समेत गहिरो प्रभाव पार्छ । अम्ल फ्याँक्ने निर्मम अपराध गर्न मानिस सल्फ्युरिक वा नाइट्रेट अम्लको सहारा लिन्छन् । सल्फ्युरिक अम्ललाई त अझ रसायनको राजा नै मानिन्छ । हाइड्रोक्लोरिक अम्ल कम असरदार भएकाले अपराधीले नाइट्रिक वा सल्फ्युरिक अम्ललाई बढी प्राथमिकता दिने गरेको पाइन्छ ।

अम्लको आक्रमणबाट हुने दीर्घकालीन समस्यामा अन्धोपन, शरीर र छालामा कहिले नमेटिने दाग बस्नेजस्ता शारीरिक समस्या देखिन्छन् भने समाजमा पनि पीडितलाई घृणाको नजरले हेरिन्छ । अहिले अम्लको आक्रमण विश्वको धेरै ठाउँको गहन समस्या हो, यो विश्वभरको समस्या हो ।

कडा कानुनको अपर्याप्तता, जनचेतनाको अभाव र एसिडको सहज उपलब्धताका कारण यस्ता घटना बढ्दै छन् । अधिकांश घटनामा आफूले प्रेम गरेको कसैले अस्वीकार गरेको अवस्थामा बदलाको भावले सुन्दरता बिगार्न आक्रमण भएको पाइन्छ । खासगरी प्रेममा बाँधिएका जोडीबीच एकअर्काबाट बिछोड भएको अवस्थामा एकले अर्काको मुख हेर्न नचाहेमा पनि यस्तो घटना हुने गरेका छन् । मानसिक कारणले समेत यस्ता घटना भइरहेको मनोविश्लेषकको ठहर छ । अकस्मातभन्दा पनि योजनाबद्ध रूपमा एसिड आक्रमणका घटना युवाले नै गर्दै आएका छन् । रिस कन्ट्रोल गर्न नसक्ने मानसिक रोगीले पनि यसमा बल पुर्‍याइरहेको देखिन्छ । कहिलेकाहीँ बलजफ्ती एसिड खुवाउने घटनासमेत देखिएको छ, जसबाट अम्लको पोलाइका कारण खाना नली खुम्चिन्छ र मान्छेको तत्काल मृत्यु हुन्छ ।

कानुनविद्का अनुसार एसिड आक्रमण गर्ने अपराध बराबरको सजायको व्यवस्था कानुनमा नरहेकाले आक्रमण गर्नेको मनोबलमा बढोत्तरी भएको हो । बलात्कारजस्तै निर्मम अपराध भए तापनि कानुनले यसको खासै व्याख्या गरेको छैन । कसुरको प्रकृति हेरी कानुनी व्यवस्था रहेको छ । मुलुकी अपराधसंहिताअन्तर्गत दफा १९३ मा तेजाब वा अन्य रासायनिक, जैविक वा विषालु पदार्थ प्रयोग गरी कुरूप पार्न नहुने प्रावधान छ । उपदफा (१) मा कसैले कसैलाई तेजाब वा यस्तै प्रकारका अन्य रासायनिक, जैविक वा विषालु पदार्थ प्रयोग गरी वा छर्किई वा त्यस्तो पदार्थले पोली, डामी, दली, घसी जीउमा पीडा गराउने वा अनुहार वा शरीरको कुनै अंग कुरूप पार्ने काम गर्नु वा गराउनुहुँदैन भनिएको छ । र, (२) मा उपदफा (१) बमोजिमको कसुर गर्ने व्यक्तिलाई कसुरको प्रकृति हेरी अनुहार कुरूप पारेमा पाँच वर्षदेखि आठ वर्षसम्म कैद र १ लाख रुपैयाँदेखि ५ लाख रुपैयाँसम्म जरिमाना र शरीरको अन्य अंग कुरूप पारेमा वा शरीरमा पीडा पुर्‍याएमा तीन वर्षदेखि पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँदेखि तीन लाख रुपैयाँसम्म जरिमाना हुनेछ । कानुनमै सजायको प्रबन्ध कम भएको र यसले घटनालाई नियमनको सट्टा बढावा दिने गरेको आमजनताको ठम्याइ छ ।

एसिड आक्रमण घटनाले संसार आतंकित छ । युरोप र अमेरिकाको तुलनामा दक्षिण एसियाली राष्ट्रमा यसको प्रभाव बढी देखिन्छ । त्यसमा पनि बंगलादेश, भारत, नेपाल र केही मुस्लिम राष्ट्रमा बारम्बार दोहोरिने घटनाका रूपमा यसलाई लिइन्छ । एसिड सर्भाइभल फाउन्डेसन, बंगलादेशको तथ्यांकअनुसार त्यहाँ सन् १९९९ देखि २०१७ सम्म एसिड आक्रमणका ३ हजार ३ सय ८६ घटना भइसकेका छन् । सन् २०१८ को अगस्टसम्म एसिड आक्रमणका १५ घटना बंगलादेशमामा भए, जो अघिल्ला वर्षको आँकडाभन्दा निकै कम हो । त्यहाँको सरकारले एसिड बिक्रीमा 'कन्ट्रोल' गर्नु र एसिड फ्याँक्नेलाई ज्यानमारासरहको आजीवन कारावासको कानुन बनाएकाले अपराधमा तात्विक गिरावट आएको हुन सक्छ ।

उसो त, नेपालमा एसिड आक्रमणका घटना अन्य एसियाली मुलुकको तुलनामा नगण्य नै देखिन्छ । परन्तु, यसको उच्च वृद्धि दरले खतरालाई उजागर गर्दै छ । घटनाको बढ्दो क्रमले भविष्यमा नेपाललाई बंगलादेश बनाउँदैन ? नेपालमा एसिड प्रहारको घटनाको परिस्थिति हेर्दा सन् २०१८ यता २० बढी एसिडको पोलाइमा हालसम्म कीर्तिपुर अस्पतालमा उपचार गर्न आएको तथ्यांक देखिन्छ । त्यसमध्ये १५ जनालाई कसैले प्रतिशोधपूर्वक आक्रमण गरेका र बाँकी रसायन प्रयोगशालामा आफ्नै गल्तीले पोलाइमा परेको देखिन्छ । एसिड आक्रमणको केस मात्र सो अस्पतालमा सन् २०१४ मा २ , २०१६ मा ४ र २०१७ मा ८ पुगेका थिए । प्रहरीको तथ्यांकहरूले समेत तेजाब आक्रमणको बढ्दो शृंखलालाई संकेत गर्दै आएको छ ।

सम्भव छ त यसको रोकथाम ? विद्यमान कानुनी व्यवस्थाले शरीरमा एसिड हानिएका पीडितको उपचारमा ठूलो समस्या देखिएको र क्षतिपूर्तिका लागि पनि अदालतकै फैसला कुर्नुपर्ने बाध्यता छ । कानुन मन्त्रालयले एसिड आक्रमणको संवेदनशीलतालाई ध्यान दिएरै त्यस्तो अपराधमा संलग्नलाई दिइने सजाय र पीडितले पाउने क्षतिपूर्ति बढाउन सके समस्या धेरै हदसम्म निराकरण हुन सक्छ । एसिड अर्थात् तेजाब प्रहारका घटनामा संलग्नलाई कारबाही र पीडितको न्यायिक उपचारका लागि पर्याप्त कानुनी व्यवस्था नभएको भन्दै अधिकारकर्मीले छुट्टै कानुन बनाउनुपर्ने माग गर्दै आएका छन् । यसबारे सांसदको ध्यानाकृष्ट भएमा कानुनी व्यवस्था र प्रणालीगत रूपमा एसिड घटना स्वतः निरुत्साहित हुनेछन् ।

बलात्कारभन्दा पनि बढी आपराधिक घटनाका रूपमा तेजाब प्रहारलाई लिन सक्नुपर्छ, पर्यायवाची कानुनको परिकल्पनासमेत गर्नु जायज हुनेछ । एसिड उत्पादनका सामाजिक कारखानाहरू कसरी बन्द गर्ने भन्ने विषयमा राज्य र समाजले घनीभूत बहस र सम्भव व्यवहार सुरु गर्नैपर्छ । एसिड बिक्रीवितरणको रोकथामबारे सरोकारवालाले पहलकदमी गर्नैपर्छ ।

अन्त्यमा, एसिड आक्रमणबाट बाँचेकी लक्ष्मी अग्रवालको जीवनमा आधारित चर्चित बलिउड फिल्म 'छपक'मा अभिनेत्री दीपिका पादुकोणझैं एसिड हिंसाविरुद्धको अभियानकर्ताको भूमिका नेपाली छोरीचेलीले पनि खेल्न सक्नुपर्छ । छोरीचेलीलाई सरकारले आत्मरक्षाको तालिम, जनचेतना र महिलाको सुरक्षार्थ सक्रिय भूमिका निर्वाह गर्न सक्नुपर्छ ।

*(लेखक कानुनका विद्यार्थी हुन् ।, राजधानीबाट)*

## किन हुन्छ मूत्रनलीको संक्रमण ? यसको पीडा कम गर्न के गर्ने ?

धेरैले भोगेको समस्या हो, पिसाबको संक्रमण । पिसाब गर्दा दुख्ने, पोल्ने हुँदा अत्यन्तै पीडा हुने यो संक्रमण महिला र पुरुष दुवैलाई हुन्छ । यसलाई चिकित्सकको भाषामा युटीआई अर्थात युरिनरी ट्र्याक इन्फेक्सन भनिन्छ । यौनाङ्गको विशेष हेरचाह र सरसफाईमा ध्यान नदिँदा धेरैजसो यो समस्या हुने गर्छ । मासिक श्राव, गर्भावस्था, असुरक्षित यौनसम्पर्क आदिका कारण यो समस्या देखा पर्ने गर्छ ।

पिसाब नली एकदमै संवेदनशिल हुन्छ । यस्तो अंगमा संक्रमण फैलने खतरा पनि बढि नै हुन्छ । पिसाब पास हुने नलीको राम्ररी सफाई नभएको अवस्थामा संक्रमण मुत्राशयसम्म पुग्ने गर्छ ।

**कारणः**

ब्लाडर सुन्निनु, मृगौलाको पथ्थरी, शरीरमा पानीको मात्रा कम हुनु, कलेजोको समस्या, करङको हड्डीमा चोट लाग्नु, पुरुषहरुमा प्रोस्टेट ग्लैडको बढेमा, संवेदनशील स्थानमा चोट लागेमा, दुर्गन्धित शौचालयको प्रयोग, धेरैबेरसम्म पिसाब रोकेमा, गुप्ताङ्गको राम्रोसित सफाई नगरे, मधुमेह

घरेलु उपचारः

२ चियाचम्चा स्याउको रस र एक चियाचम्चा मह मनतातो पानीमा मिसाएर पिउँदा संक्रमण फैलाउने ब्याक्टेरिया नष्ट हुन्छ र पिसाब सजिल्यै बाहिर आउन मद्दत पुग्छ ।

पिसाबमा हुने संक्रमणको समयमा पटक-पटक पिसाब आएमा १ चियाचम्चा सोडा १ गिलास पानीमा मिसाएर खाँदा पेटमा हुने जलन कम हुन्छ र पीडा कम हुन्छ ।

अलैंचीलाई पिसेर धुलो बनाउने र अनारको रसमा मिसाउँने र थोरै थोरै नुन राखेर पिउँदा पिसाबको संक्रमण २ दिनमै निको हुन्छ ।

लस्सी पनि यस इन्फेक्सनको लागि फाइदाजनक हुन्छ । इन्फेक्सन भएको समयमा हरेक दिन लस्सी पिउने गर्नुपर्छ ।

क्र्यानबेरी जुस पनि यसको लागि लाभकारी हुन्छ । ३ वा ४ दिनसम्म यो जुसको सेवन गर्दा आराम मिल्छ ।

लसुनमा प्राकृतिक रुपमै ब्याक्टेरियासँग लड्न सक्ने क्षमता हुन्छ । हरेक दिन एउटा पोटी लसुन र पानी सेवन गर्दा यो समस्या कम हुन्छ ।

यसका साथै, यौनाङ्गको सरसफाईमा विशेष ध्यान दिने, पिसाव नरोक्ने, पानी पिउने आदि गर्दा यो समस्याबाट छुटकारा पाउन सकिन्छ ।

## मोटा व्यक्ति र मधुमेह रोगीका लागि बरदान हो भन्टा

भन्टा धेरैलाई मन नपर्न सक्छ तर यसमा विभिन्न आयुर्वेदिक गुण पनि हुन्छ जुन खानुका विभिन्न फाइदा छन् । विशेषगरी जसले तौल कम गर्न चाहिरहेका छन् र जसलाई निद्रा सम्बन्धि समस्या छ, उनीहरुका लागि भन्टा कुनै बरदानभन्दा कम छैन ।

थाहा पाउँदा अचम्म लाग्ला तर यो सब्जीमा एन्टिअक्सिडेन्ट अत्यधिक हुन्छ र यसले तपाईंको रोग प्रतिरोधी क्षमतालाई पनि वृद्धि गर्छ । यसले शरीरमा विभिन्न कमीको पूर्तीसमेत गरिरहेको हुन्छ । भन्टा जुनसुकै रुपमा खाँदा पनि फाइदाजनक हुन्छ । यो सब्जीले स्वास्थ्यमा पुर्याउने फाइदाबारे जानकारी लिऔं ।

**भन्टाका थुप्रै फाइदाः**

- भोकलाई नियन्त्रण गर्छ किनभने यसमा फाइबर र बियाँ अत्यधिक हुन्छ जसले लामो समयसम्म पेट भरिएको महसुस हुन्छ ।
- भन्टामा निकै कम क्यालोरी हुन्छ । एक कप पाकेको भन्टामा ३५ क्यालोरी मात्र हुन्छ । यसमा पानीको मात्रा पनि अत्यधिक हुन्छ त्यसकारण यो स्वास्थ्यका लागि निकै राम्रो मानिन्छ ।
- धेरैजसो मध्य-पूर्वी र इटालियन व्यञ्जनमा भन्टा समावेश गरिएकै हुन्छ । यो एरोबिन (बोक्रासहित) भएकाले अत्यधिक स्वास्थ्यवर्धक मानिन्छ ।
- यसले आयुर्वेद औषधीको रुपमा पनि काम गर्छ । यसले अनिद्रा र निद्रासम्बन्धि समस्यालाई ठिक गर्छ ।
- अनुसन्धानबाट पत्ता लागेअनुसार भन्टाले खराब कोलेस्ट्रोललाई कम गर्छ ।
- भन्टाले मधुमेहलाई नियन्त्रित गर्न र रोक्न निकै सहयोगी भूमिका निर्वाह गर्छ । यसमा पाइने उच्च फाइबर र कार्बले विशेषगरी सहयोग गर्छ ।
- चुकन्दर, ब्लूबेरी, प्लम र भन्टालगायतमा एन्थोसायनिन (रंग प्रदान गर्ने विशेषता) हुन्छ । एन्टिअक्सिडेन्ट धेरैजसो प्याजी रंगयुक्त सब्जी र फलमा हुन्छ ।
- भन्टामा कोलेस्ट्रोलको मात्रा लगभग शून्य हुन्छ त्यसकारण यो तौल कम गर्ने कोसिस गर्नेहरुका लागि पनि निकै फाइदाजनक हुन्छ ।
- भन्टामा आइरन र क्याल्सियम पनि अत्यधिक हुन्छ । यो रक्तअल्पत्ता रोगीका लागि पनि निकै फाइदाजनक हुन्छ । साथै हड्डीको स्वास्थ्यका लागि पनि यसले सकारात्मक प्रभाव पारिरहेको हुन्छ ।

**ग्यासको समस्या र बाथ रोगीहरुले खान नहुनेः**

जसलाई ग्यासको समस्या छ, जो बाथका रोगी छन्, जसलाई पत्थरीको समस्या छ, उनीहरुले भन्टा खानुहुँदैन । तर जो स्वस्थ छन् उनीहरुले भने आफ्नो आहारमा यसलाई समावेश गर्नैपर्छ ।

डिस्क्लेमरः प्रस्तुत लेखमा सुझाइएका टिप्स र सल्लाह साधारण जानकारीका लागि मात्र हुन् यसलाई व्यावसायिक चिकित्सकको सल्लाहको *रुपमा लिन सकिँदैन ।* *(एजेन्सीहरुको सहयोगमा)*

# अलमलमै अनिवार्य तथा निःशुल्क शिक्षा

काठमाडौं । बर्दियाको बासगढी नगरपालिकाले एक वर्षअघि नै आधारभूत तहमा निःशुल्क तथा अनिवार्य शिक्षा लागू भएको नगरपालिका घोषणा गरे पनि माध्यमिक तहमा निःशुल्क र अनिवार्य गर्न सकेको छैन । सो नगरपालिकाका माध्यमिक तहका विद्यार्थीले विद्यालयको अवस्था हेरी धेरै थोरै शुल्क नतिरी सुख पाउँदैनन् ।

बासगढी नगरपालिकाका शिक्षा प्रमुख मनप्रसाद रेग्मीले भन्नुभयो, सबै शिक्षकलाई पुग्दो तलब दिन सकिएको छैन । त्यसैले माध्यमिक तहसम्म पूर्ण रूपमा निःशुल्क गर्न सकिँदैन ।

अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन प्रमाणीकरण भएको आउँदो असोज २ गते ठीक एक वर्ष पुग्दै छ । कागजमा अनिवार्य र निःशुल्क शिक्षा त भयो तर व्यवहारमा हुन सकेको छैन । ऐन कार्यान्वयनमा आएको एक वर्ष बित्न लाग्दा पनि नियमावलीको अत्तोपत्तो छैन । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले गत वैशाख २ बाट सुरु भएको नयाँ शैक्षिक सत्रबाट सामुदायिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थीले पूर्ण निःशुल्क शिक्षा प्राप्त गर्ने प्रतिबद्धता सार्वजनिक रूपमा गरे पनि अलमलमै छ ।

ऐनमा विद्यालय वा शैक्षिक संस्थाले विद्यार्थी वा अभिभावकबाट कुनै पनि शीर्षकमा कुनै पनि शुल्क असुल नगरी दिइने शिक्षाका रूपमा निःशुल्क शिक्षालाई परिभाषित गरिएको छ । राज्यले माध्यमिक तहसम्म निःशुल्क शिक्षाको व्यवस्था गर्नुपर्ने हुन्छ भने आधारभूत तहसम्म अनिवार्य शिक्षा प्रदान गर्नुपर्छ ।

ऐनमा निःशुल्क शिक्षा प्राप्त गर्दा प्रत्येक नागरिकले ऐन वा अन्य प्रचलित कानुनबमोजिमका सर्त पालना गर्नुपर्ने उल्लेख गरिए पनि त्यस्तो सर्त तयार गरिएको छैन । अभिभावकलाई आफ्ना सन्तानलाई आधारभूत तहसम्म अनिवार्य रूपमा विद्यालय पठाउन बाध्यकारी बनाउन सरकार सफल भएको छैन । ऐनमै प्रत्येक स्थानीय तहमार्फत राज्यले चार वर्ष पूरा भई १३ वर्ष उमेर पूरा नभएका प्रत्येक बालबालिकालाई आधारभूत तहसम्म अनिवार्य शिक्षा प्रदान गर्नुपर्ने व्यवस्था प्रस्ट उल्लेख छ ।

मासिक शुल्क नभनेर वार्षिक वा सहयोग शुल्कका नाममा सामुदायिक विद्यालयहरूले शुल्क उठाउँदै आएका छन् । गुणस्तरीय शिक्षाका लागि निजी स्रोतबाट राखिएका शिक्षकको तलब व्यवस्थापन गर्न शुल्क उठाउनु परेको तर्क विद्यालयका प्रधानाध्यापकहरूको छ ।

काठमाडौंको ज्ञानोदय माध्यमिक विद्यालयलाई प्रारम्भिक बाल विकासका लागि सरकारले एक जना सहयोगी कार्यकर्ताको कोटा उपलब्ध गराएको छ जब कि त्यस माविले १२ जना सहयोगी कार्यकर्तालाई निजी स्रोतमा राखेको छ । अन्य तहका गरी विद्यालयमा ५० जना निजी स्रोतका शिक्षक छन् । सरकारले त्यस माविलाई व्यवस्थापन खर्च भनेर वार्षिक १८ हजार रुपियाँ एकमुष्ठ उपलब्ध गराउने गरेको छ । बिजुली प्रयोग गरेबापत गत महिना २९ हजार रुपियाँको बिल आएको सो माविले मासिक रूपमा कम्तीमा ३६ हजार रुपियाँ खानेपानी खरिदमा खर्च गर्दै आएको छ ।

ज्ञानोदय माविका प्रधानाध्यापक नातिकाजी महर्जनले सहयोगस्वरूप भनेर अभिभावकसँग रकम उठाउने गरिएको बताउँदै भन्नुभयो, आवश्यक सङ्ख्यामा शिक्षक उपलब्ध नगराएपछि शुल्क उठाउनु हामीहरूको बाध्यता हो । बिजुली, खानेपानी, मर्मतसम्भार आदिका लागि पनि ठूलै रकम चाहिन्छ । कि ती सेवा विद्यार्थीलाई उपलब्ध गराउन सक्दैनौं भन्नुपर्छ, होइन भने शुल्क उठाउनैपर्ने हुन्छ ।

ऐनमा निजी विद्यालयहरूले कक्षा १२ सम्म पाँच सय जनासम्म विद्यार्थी भएमा कम्तीमा १० प्रतिशतलाई, पाँच सयदेखि आठ सय जनासम्म भएकाले कम्तीमा १२ प्रतिशतलाई र आठ सयभन्दा बढी विद्यार्थी भएका विद्यालयले कम्तीमा १५ प्रतिशतलाई निःशुल्क अध्यापन गर्नुपर्ने स्पष्ट लेखे पनि त्यसको कार्यान्वयनसमेत हुन सकेको छैन ।

भरतपुर उपमहानगरपालिकाका शिक्षा प्रमुख सीताराम कोइरालाले अभिभावकले सहयोग शुल्क तिर्नैपर्ने अवस्था रहेको उल्लेख गर्नुभयो । राज्यले पुग्ने गरी शिक्षक दरबन्दी, शैक्षिक सामग्री र विषयगत शिक्षक उपलब्ध गराउनुपर्छ, उहाँले भन्नुभयो, जति हतारमा यो ऐन ल्याइयो, त्यसको 'स्पिरिट'अनुसार कार्यान्वयन हुन सकेन । यो कार्यान्वयन हुन नसक्नुमा आर्थिक कारण नै प्रमुख हो ।

स्थानीय तहहरूले आफ्नै शिक्षा ऐन लागू गरेका छन् र त्यसमा पनि अनिवार्य तथा निःशुल्क शिक्षा ऐनको व्यवस्थालाई छुटाएका छैनन् । कागजी रूपमा उल्लेख गरे पनि व्यवहारमा सबै हच्किएका छन् । पोखरा महानगरपालिकाका शिक्षा प्रमुख गङ्गाबहादुर गुरुङले ऐन बनेपछि सरकारले सोहीअनुरूप आवश्यक प्रबन्ध गर्न सक्नुपर्थ्यो भन्दै थप्नुभयो, आवश्यक शिक्षकलाई पुग्ने तलब नै दिन नसकेपछि निःशुल्क शिक्षा सम्भव छैन । यसका लागि योजना पनि बनाएका छैनौं ।

शिक्षाविद्हरू ऐन जारी भएको एक वर्ष बित्न लाग्दा पनि नियमावली बन्न नसक्नबाट राज्य यसप्रति उदासीन रहेको प्रमाणित हुने तर्क गर्नुहुन्छ । शिक्षाविद् प्राडा मनप्रसाद वाग्लेले ऐनले गरेको व्यवस्थालाई कार्यान्वयन नगरी अधकल्चो राख्न पाइँदैन भन्दै बताउनुभयो, कार्यान्वयन नै गर्न सकिँदैन भने यो ऐन बनाइरहनु आवश्यक थिएन । ऐन ल्याइसकेपछि कार्यान्वयन गर्न नियमावली बनाउन नसक्नुमा शिक्षा निकायको कमजोरी हो ।

शिक्षा मन्त्रालयका प्रवक्ता बैकुण्ठ अर्यालले क्रमशः कार्यान्वयन हुने अपेक्षा रहेको उल्लेख गर्दै भन्नुभयो, नियमावली तयार हुँदै छ । ऐनको भावनाअनुरूप निःशुल्क र अनिवार्य शिक्षा उपलब्ध गराउने नै हो, तर त्यसका लागि केही समय लाग्छ ।

तपाइलाई कुनै फर्निचरका सामानहरु चाहिएको छ ?
हामीलाई सम्झनुहोस्
afnsGof kmlg{/ pBf]u
मन्थली–१, रामेछाप
यहाँ फर्निचरका सम्पूर्ण सामाग्रीहरु पाइन्छ जस्तैः टेबल, कुर्सि, सोफाका साथै अफिस र पसलको सम्पूर्ण डेकोरेशन गरिन्छ । अर्डर अनुसारको घर तथा अफिसको सम्पूर्ण सामान उपलब्ध गराइन्छ ।
प्रो. खुम्ब बहादुर श्रेष्ठ
मोबाइलन नं.: ९८५४०४०२१२, ९८४४२६७२१२ ९८६४२३७२३५

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
www.janaakash.com.np



# मेरा जिन्दगीका अनुभवहरु–११

मैले चाहि करारको नियम अनुसार १ वर्षभित्र पैसा नदिएकोले उनीमाथि मुद्दा हाल्न बाध्य हुनुपर्‍यो। १२ वर्ष सम्म मुद्दा खेपेर बल्ल बल्ल पैसा उठाइयो। त्यसकारण एउटा कुरा जिन्दगीमा अनुभव भयो। पैसाको लोभ र मोहमा फसेपछि मानिस बौलाहा हुँदो रहेछ। उनको व्यवहार जति भद्र, भलाद्मी र सज्जन थियो त्यति नै दुष्ट र निम्न स्तरको व्यवहार गरेर उनले देखाइदिए। त्यस कारण जिन्दगीका धेरै प्रकारका मानिसहरु सँग भेटघाट भयो। विशेष त कतिपयाको देखावटी र वास्ताविकता अलग अलग भएका हुँदा। भित्र एउटा सोच्छन् बाहिर व्यवहार अर्को गर्छन्। हुन सक्छ धेरै वर्षसम्म यो देश राणाहरुको दासत्व स्वीकार गरेर डवल स्टाण्डर्ड, चाकरीमा पनि जाने बाहिर फुर्ती पनि लगाउने परिस्थितिमा गुज्रिएको हुनाले यस्तो भएको हुन सक्छ। हुन त आजको पिँढीको केटाकेटीहरु इहायचम, ऋबकदचष्मनभ पढेर आएको पनि छन् तर ती पढेलेखेका व्यक्ति नैतिकवान् र इमानदार छैनन्। सबैलाई त होइन तर बहुसख्यक मानिसहरु छिटो तरिकाले धन कमाएर सुखभोग गर्ने प्रवृति तर्फ उन्मुख भएका छन्। पुरानो आध्यात्मिक चिन्तनलाई चिनी धर्म, दर्शनमा विश्वास गरे बस्ने मानिसहरु धेरै नै कम भएका छन्। यसो विचार गर्दा नैतिकमा धर्म, दर्शनका मूलभूत सिद्धान्तहरुप्रति नै आस्था घटेर आज समाज यसरी विकृति रुपमा अगाडि बढेको देखिन्छ। राजनीति पनि त्यस्तै विकृत रुपमा अगाडि बढेको छ। राष्ट्र सेवकहरु दोहोरो व्यक्तित्वका छन्। नैतिकता ह्रास छ। अब त जनता पनि वाक्क दिक्क भइसके।

नेपाली समाजमा नैतिक विचारका मानिस पाउन नै मुस्किल भइसक्यो। यस परिस्थितिमा समाजले धेरै धक्का खाएर, धेरै दुःख पाएर, अव त संसारलाई हेरेर पनि उन्नति, प्रगति गर्छ होला भन्ने आशा गर्न सकिन्छ। २००७ सालको क्रान्तिले ल्याएको सफतालाई पनि संस्थागत गर्न सकिएन। पञ्चायती राजले पनि संस्थागत विकास गरेर देशको समग्र उन्नति गर्न सकेन। खाली संभ्रान्त र समान्तहरुको स्वार्थपुर्तिका लाग मात्रै भयो। २०४७ सालमा बहुदलीय व्यवस्था आएर पनि झन् भ्रष्टचार बढेर गयो। जनताको आवश्यकता, जनआकांक्षा राजनैतिक दलहरुको परिपुर्ति गर्न सकेका छैनन्। सधैँसधैँ यस्तो परिस्थिति रहला भन्ने विचार गर्नु पनि हुँदैन। हाम्रो दुई ठुलो छिमेकी देशहरु अत्यन्त द्रुत गतिमा विकास गर्दै गएकाहरुको माझमा बसेर नेपालीले प्रगति र उन्नति अव नगरी नहुने परिस्थिति सिर्जना भएको छ।

नेपालमा जलस्रोतको प्रचुर मात्राम सम्भावना भएको हुनाले यसको विकास गरेर आफ्नो आवश्यकता पुरा गर्नुका साथै छिमेकीहरुलाई विद्युत सस्तोमा वेचेर प्रसस्त कमाउनु पर्छ पर्यटन विकास गर्नलाई धेरै प्रयासहरु भएका छन्। होटल, लजहरु प्रसस्त मात्रामा खुलेका छन्। देशमा पूर्णरुपमा शान्ति सुव्यवस्था कायम हुन सकेको छैन। त्यस कारणले टुरिजम्ले राम्ररी उन्नति गर्न सकेको छैन। कृषिको पनि आधुनिक तरिकाले विकास गर्नु पर्नेमा त्यसो हुन सकेको छैन। कृषिको समुचित विकास बिना देशको विकास सम्भव छैन। उन्नत कृषिको लागि नहर कुलोको राम्रो व्यवस्था चाहिन्छ यसमा सरकारको पुरापुर ध्यान जान जरुरी छ। नेपालमा जनशक्ति विकासमा केही प्रयासहरु भएका छन्। तैपनि देशलाई चाहिनेजति जनशक्ति र त्यसको क्षमता वृद्धिमा त्यति विकास हुन सकेको छैन। तैपनि देशलाई चाहिनेजति जनशक्ति र त्यसको क्षमता वृद्धिमा त्यति विकास हुन सकेको छैन। पहिले अंग्रजीको पक्षमा भाडामा लडाई गरेर आफ्नो जीवन बलिदान गर्ने पहाडका सिधासादा दाजुभाईहरु, नोकरी गर्नलाई आज सबै अबरका मुलुकहरु दुबई, कतार, साउदी, कुवेत तथा कारीया , मलेसिया थाइल्यान्डतिर जान बाध्य भएका छन्। उनीहरुले पठाएको रेमिटेन्सले देशको आर्थिक उन्नति र विकास भइरहेको छ। त्यसमा पनि हामीले दक्ष जनशक्ति पठाउन सकेको छैन। अदक्ष जनशक्तिले दुःख दर्द सहेर कमाएर पठाइ रहेका छन्।

मैले विद्युतमा बसेर काम गर्दा सम्पर्क आएका मुख्य पात्रहरुको सम्झना गर्नै पर्छ। हर्षमान श्रेष्ठ, अच्युत प्रसाद प्रधान, कर्णध्वज अधिकारी, आत्माकृष्ण श्रोष्ठ, हरिओम श्रेष्ठ। यी विशेष गरेर लोभी पापी ग्रुपमा पर्दथे। यिनहिरुले जहिलेपनि मसँग मेरो विरोधै गरेर बसे। त्यस बाहेक अरु धेरै इन्जिनियरहरुसँग, डाक्टरहरुसँग, प्रशासकहरुसँग बसेर काम गर्ने मौका पाइयो। सबैले सहयोग नै गरे। सबैसँग मिलेर उन्नति प्रगाति नै गरियो। सचिव पशुपति प्रताप शाह, चिफ इन्जिनियर मुकुन्द्र बहादुर थापा, चिफ इन्जिनियर राम प्रसाद नेपाल, चिफ इन्जिनियर शंकर कृष्ण मल्ल, यिनीहरु आदिसँग राम्रै सम्बन्ध रहि रह्यो। यिनीहरुसँग राम्रै काम गरियो। विशेष योजना सचिव रामचन्द्र मलहोत्राले आर्टिकल लेख्ने, अध्ययन गर्ने मौका पनि दिनु भयो। मेरो पदोन्नतिका लागि जहिले पनि धेरै मात्रामा सहयोग गर्नु भयो। विद्युतका ग्रूपहरु, मलाई विद्युतमा राख्न नचाहने तत्वहहरुसँग जहिले पनि लडाइँ गरे आखिरमा मलाई विद्युतमौ फर्स्ट क्लासमा प्रमोशन गरेर पठाउनु भयो। पूर्व प्रधान मन्त्री सुर्य बहादुर थापाले जहिलेपनि मलाई सहयोग गर्नु भयो। मरिचमान सिहं श्रेष्ठ मन्त्री हुँदा खेरि जलस्रोत मन्त्री हुँदा खेरि, चिफ इन्जिनियर मलाई बनाउने वा हर्षमानलाई बनाउने भन्ने कुरामा सूर्य बहादुरीले मेरो पक्ष लिनु भयो भने मरिचमानले हर्षमानको पक्ष लिनु भयो। धेरै दिनसम्म यो कुरा निर्णय आउन सकेन। आखिर मलाई मर्स्याङ्गी योजनाको प्रमुख बनाएर हर्षमानलाई विद्युत विभागको चिफ इन्जिनियर बनाउने कुरामा गएर टुङगियो। डि.पी अधिकारी नाताले मेरो मामा ससुरा पनि भएकोले उनीसँग पहिला देखि नै राम्रो व्यवहार हुन्थ्यो।

उनी मन्त्री भएर आएपछि साना जलविद्युत योजनालाई अगाडि बढाउने कुराम बृहत चासो उठाए। मैले पनि उनलाई धेरै सहयोग गरे। उनले पनि मलाई धेरै सहयोग गरे। पशुपतिका गिरीहरु र अरु गिरीहरु कलकत्तामै बस्दाखेरिकै साथीहरु हुन्। उहाँहरुसँग राम्रो सम्बन्ध थियो। यो सम्बन्ध पछिसम्म पनि कायम रहि रह्यो। कलकत्तामा डा. अन्जरी कुमार शर्मा गिरी बन्धुहरसँग भेटघाट गर्न विशेष आइ रहन्थे। पछि मलाई पत्थरी भयो। बिमारी हुँदा उनले नै मिहिनेत गरेर पत्थरीको अपरेशन काठमाडौं मै गर्नु भयो। डा. दीर्घसिहं बलमे मलाई एलर्जि हुँदाखेरि बहुत मेहनत गरेर दवाइ पानी गरेर एलर्जिबाट मुक्त गरि दिए। डा. अवनि भूषण उपाध्याय, विवि शर्मा डाक्टरले


सूर्यनाथ बास्तोला

बेलाबेलामा राम्रो उपचार गरे। डा. ईश्वर बराल जो नेपालको एक मूर्धन्य लेखक र समालोचक हुन्। उनले मलाई आइ. ए.सी पढ्दा नेपाली पढाएका थिए। पछि गएर उनले मेरो धर्म, दर्शन, विज्ञान पुस्तकको मूल प्रति हेरेर प्रकाशनमा ल्याउनु अनुमति दिए। नगेन्द्र शर्मा जो दार्जिलिङदेखि लिएर कलकत्तासम्म सँगै पढेका लेखक पनि हुन्। उनी काठमाडौम्मा पनि आर.एन.ए.सी आदिमा काम गरेर उन्नति प्रगति गरेर बसे। उनी सधै मेरा मित्र रहे। प्रोफेसर श्रीकृष्ण मल्ल जो धनकुटाका थिए। उनी सानै देखिका साथी हुन्। हामीहरु स्कुल, कलेज कलकत्तामा सँगसँगै पढेको, पछि गएर काठमाडौँ कमर्स प्राध्यापन गरे। उनी सँग पनि धेरै राम्रो व्यवहार र सम्बन्ध रहि रह्यो। पनौतीमा काम गर्दा असिष्टेन्ट इन्जिनियर त्रिचन्द्र ठाकुर, रामचन्द्र चौधरी, ओमकार कोइराला मेरो मातहतमा काम गर्थे। उनीहरुसँग पनि जिन्दगीभर नै राम्रो सम्बन्ध रहि रह्यो। विद्युतमा काम गरन्जेल सम्म सम्पर्क भइ नै रहियो। मैले पूर्वाञ्चलको अध्यक्ष भएपछि सर्वप्रथम रामशरण पाण्डेलाई जेनरल म्यानेजर बनाए। त्यसपछि आत्मकृष्ण श्रेष्ठलाई र त्यसपछि शान्त बहादुर पुनलाई बनाएको थिए। मर्स्याङदी कामगर्दा केशब चन्द, किशोर बावु अर्याल, विष्णु वहादुर थापा र रिमाललाई मेरो सहायक बनाएर लगेको थिए। उनीहरुले पनि राम्रै काम गरे। विद्युत विभागमा हुँदा खेरि विभागका इन्जिनियरहरु प्रशासकहरुसँग राम्रो मेल भएर काम गरियो। तिनीहरुमा प्रमुख थिए।

क्रमशः

## कविता/गजल

### विदेशीको गुलामी छोडी जनताको सेवा गरौं

**कृष्ण बोगटी**



बर्षौंदेखि विदेसीको हुकुम मान्दै आयौ
त्यसैकारण नेता तिमीले जनताको गालि खायौ
जनताको भलो हुने काम गरी देखाउ
इमानदारी नेता बनी गिनीज बुकमा नाम लेखाउ

जन्म लियौ नेपालमा मर्छौ नेपालमै
बन तिमी इमानदारी सच्चा नेपाली भै
नेता तिम्लाई इज्जत दिने नेपालकै जनता
तिनै गरिबलाई बेघर बनाई जान्छौ तिमी कता

एनजिओ खोल्छौ नाता गोता मिली
गरिब जनताको जिवन पार्छु भनि झिलीमिली
तिनै गरिब जनताको इज्जत विक्री गरी
नातागोता आफ्नु मात्र तिम्ले भुडी भरी

गरिबको नाम बेची कतिन्जेल खान्छौ
जनता सचेत भए भने तिमी जेल जान्छौ
अधिकारको नामले र तिम्ले रजाई गर्‍यौ
घरबार विहिनी गरिब फसाई काम देखाइ मार्‍यौ

तिम्ले जस्तो दुईचार अक्षर पढ्न पाको भए
नेपालको इज्जत बाच्यो जनता सचेत भए
जनताले भ्रष्टाचारी छान्ने बेला आयो
अधिकार कर्मि नाम विकाई भ्रष्टले देशै खायो।

**धुम्बाराही –४, काठमाण्डौ**
**हालः चक्रबहील–१२, ललितपुर**

आवश्यकता

Green Hut Lounge
&
Cafe with Banquet

को लागि वेटर आवश्यक परेको हुनाले इच्छुक महानुभावहरुले तुरुन्त सम्पर्क राख्नुहोला।

सम्पर्क नम्बरः
०१-४४३४११३

# रामेछापव्यापी विद्यार्थी प्रतिभा प्रदर्शनी प्रतियोगितात्मक कार्यक्रम सम्पन्न



रामेछाप। काठमाण्डौ सृजनशिल समाजको आयोजनामा र मा. बि. सिक्रालको संयोजनमा यहि मिति २०७६ भाद्र १३ गते शुक्रबार ,मन्थली नपा वडा नं १२ स्थित मा. बि. सिक्रालमा संस्थाको शैक्षिक प्रबर्धनात्मक कार्यक्रम तेस्रो श्रृखंलाको रूपमा भव्यततासाथ सम्पन्न भएको छ। कार्यक्रममा प्रमुख अतिथि रामेछाप जिल्ला समन्वय समितिका प्रमुख प्रेम खड्का, विशिष्ट अतिथि त्रय मन्थली नपाका प्रशासकिय अधिकृत हेमन्त बुढाथोकी, मनपा वडा १२ का अध्यक्ष कृष्णहरि अधिकारी, अतिथिहरू, प्रधानध्यापकहरू, शिक्षक र अभिभावकहरू, प्रतियोगि विध्यार्थीहरू लगायत शारादा मावी , पशुपति निमावी र मावी सिक्रालका विध्यार्थीहरूको सहभागितामा बक्तृत्वकला प्रतियोगिता र हस्तलेखन प्रतियोगिता सम्पन्न भएको हो। सो कार्यक्रमको अध्यक्षता संस्थाको संयोजक कृष्णहरि बुढाथोकीले गर्नुभएको थियो भने मा. बि. सिक्रालका सहप्रधानध्यापक प्रलाद खत्रीले कार्यक्रम संचालन गर्नुभएको थियो।

कार्यक्रमको शुभारम्भ समारोहमा स्वागत गान र नृत्य प्रस्तुत गरिएको थियो। यसको साथै मा. बि. सिक्रालका प्रधानध्यापक पवनराज खड्काले सहभागि सम्पूर्णलाइ स्वागत गर्दै स्वागत मन्तव्य राख्नुभएको थियो भने कार्यक्रमको उदेश्यसहितको मन्तव्य संस्थाका संयोजक कृष्णहरि बुढाथोकीले राख्नुभएको थियो। साथै, कार्यक्रमको प्रमुख अतिथि रामेछाप जिल्ला समन्वय समितिका प्रमुख प्रेम खड्काले शुभारम्भ मन्तव्य सहित दुवै प्रतियोगिता शुरूवात भएको घोषणा गर्नुभयो।

कार्यक्रमको शुरूवातमा नै २०७५ सालमा कक्षा १ देखि अभिभावकत्व ग्रहण गरेका हाल कक्षा २ मा पुग्नुभएको विधालयको सहयोगमा छानीएका अत्यन्त आर्थिक विपन्न रहेका ५ विधार्थीलाइ संस्थाले विध्यार्थिहरूलाइ १८ थान कपि, १ थान झोला र नगद रु १००० दरले सहयोग गर्यो सहयोग गरिएका विध्यार्थीहरुमा शारादा माबि बाट राम कार्की र लक्ष्मी कार्की, पशुपति भुलभुले निमावी बाट अस्मिता कार्की र मावि सिक्रालबाट मधु बुढाथोकी, शुस्मिता अधिकारी रहेका थिए।शिक्षा जिवनको ज्योति हो , सकेको भूमिका खेलौ १११आफ्नो मात्र होईन अरुको खुशि खोज्न पनि साथ दिऔ १११ भन्ने नारालाइ संस्थालाइ अंगालिरहेको छ भन्दै आयोजकले अवधारणा प्रस्तुत गरेका थिए।

यसैगरि दोस्रो कार्यक्रम हस्तलेखनमा कार्यक्रममा ८ वटा मावीका ५६ जना प्रतियोगी विध्यार्थीहरू सहभागि भए। अंग्रेजी र नेपाली दुवै स्क्रिप्टमा लेखिएको हस्तलेखन प्रतियोगितामा मावी सिक्रालमा अभ्ययनरत विध्यार्थी छात्र श्री गोविन्द वि।क। र तामाकोशी जा।जा।मावी खिम्तिका छात्र श्री इराधा माजीले बराबरी अंकका साथ प्रथम स्थान हासिल गर्नुभयो भने दोस्रो स्थानमा शारादा मावी मा अध्ययनरत छात्रा श्री रस्मिता खड्काले दोस्रो स्थान र तामाकोशी जा।जा।मावी खिम्तीमा अभ्ययनरनत छात्रा पुष्पा थापाले तेस्रो स्थान हासिल गर्नुभयो। हस्तलेखन प्रतियोगिताको व्यवस्थापकीय संयोजन मा।वी सिक्रालका शिक्षक श्री सचितानन्द चौधरीले गर्नुभयो भने हर्रे चिण्डे मा।वी , शारादा मावी, नाटिला मावीमा अध्यापनरत ३ जना शिक्षकहरूले प्रतियोगीहरूको हस्तलेखनलाइ विभिन्न मुल्यांकन आधारमा रहेका मुल्यांकन गर्नुभएको थियो।

प्रतियोगीतामा पहिलो, दोस्रो र तेस्रो हूनेलाई प्रमाणपत्र ,नगद सहितको ट्रफि र शैक्षिक सामाग्री पूरुस्कार रूपमा प्रमुख अतिथिबाट वितरण गरियो। यस्तै सवै सहभागि प्रतियोगिलाई प्रमाणपत्र सहित सान्तवना पूरुस्कार प्रदान गरियो।

सहभागी सम्पूर्ण विध्यार्थीहरूलाइ समाजले प्रत्येकलाइ कपि वितरण गरेको थियो। कार्यक्रमको भव्य सफलताको लागि उपस्थित हुनुभएका प्रमुख अतिथि, विशिष्ट अतिथि, अतिथी, प्रधानध्यापक, शिक्षक, मुल्यांकनकर्ताहरू, प्रतियोगि विध्यार्थीहरू, सहभागी सम्पूर्ण मानुभावहरूलाइर संस्थाका संयोजक कृष्णहरी बुढाथोकी र प्रमुख अतिथि प्रेम खड्काले धन्यबाद ज्ञापन गर्नुभयो। कार्यक्रम सफलताको लागि अहोरात्र खटिनुहुने मा.बि. सिक्रालका प्रधानध्यापक पवन राज खड्का, सहप्रधानध्यापक प्रहाल्द खत्री, शिक्षक रामहरि बुढाथोकी लगायत सहयोगी सवैलाई संस्थाले बिशेष धन्यवाद ज्ञापन गरेको छ।

विध्यार्थीहरूमा अन्तनिहित प्रतिभा प्रस्फुटन गराउने, जिवन उपयोगि प्रतिभा र दक्षताको विकास गर्ने, विध्यार्थीमा सामाजिक सकरात्मकता अभिबृद्दि गर्ने, सवै विध्यालयका विध्यार्थी र शिक्षकहरूवीच भेटघाट तथा अन्तर्कृयात्मक छलफलको वातावरण तय गर्ने, विध्यार्थीहरूको प्रस्तुती र लेखन क्षमता बृद्दी गराउने, विध्यार्थीलाइ अध्ययन र अनुषन्धानमा लाग्न थप उत्प्रेरित गर्ने उदेश्यका साथ च्ल्ऋक् ल्भउबा संस्थाले कार्यक्रम आयोजना गरेको कार्यक्रममा जानकारी गराएको थियो।

"सामाजिक एकता प्रबर्धन गर्दै सुशासनयूक्त समृद्ध समाज निर्माण गरौं , एकताबद्ध उन्नत प्रयासद्धारा सामाजिक सेवा र मानविय हित प्रबर्धन गरौं"भन्ने मुल नाराका साथ स्थापित र संचालीत सामाजिक संस्थाले विगत ३ बर्षदेखि रचनात्मक सामाजिक काममा संलग्न हुदै र अन्य संघ संस्थालाइ समेत नमुना प्रस्तुत गर्दै आएको रामेछाप काठमाडौ सृर्जनशील समाजका अध्यक्ष कृष्णहरि बुढाथोकीले कार्यक्रममा बताउनु भएको थियो।

आधुनिक विश्वव्यापिकरणको समयमा हामी एक गाउ ठाउमा मात्र सिमित हुन सक्दैनौ, विभिन्न अवसर प्राप्तिको लागि हामी प्रयाजसो जन्मस्थानबाट टाढा रहेका हुन्छौ। आफ्नो गाउ समाजबाट बाहिर बस्दै गर्दा हामिले प्राप्त गरेका अनुभव सिप, स्रोत र उत्तम जिवन व्यवहारहरू आफ्नो गाउ समाजमा थोरै भएपनि सकरात्मक विकासको लागि प्रयोग गर्नुपर्छ भनि हामि यस संस्था मार्फत एकताबद्द बनी सामाजिक कार्य विगत ३ बर्ष देखि गरिरहेका छौ संस्थाका अध्यक्षले भन्नुभएको थियो।

## चिनियाँ ...

स्म्याकले जस्तै होल्ड मात्र गरेर राखेको छ ।

चीनले नेपाललाई वार्षिक रुपमा प्रदान गर्दै आएको सहयोग पनि वृद्धि गर्दै लगेको छ । विकासउन्मुख राष्ट्र नेपाललाई चीनले गर्ने गरेको सहयोग नेपालको लागि निक्कै महत्वपूर्ण छ ।

## रामेछापको ...

कार्यक्रमलाई भव्य बनाउन शान्ति तथा ग्रामीण विकास केन्द्रमा अध्यक्ष राजुराम पाठकको भमिमा पनि महत्वपूर्ण रहेको थियो ।

त्यसैगरी गाउँपालिकाकी उपाध्यक्ष कृशला घिसिङ्गले कार्यक्रमलाई सम्बोधन गर्दै नेपालको संविधान २०७२ जारी भएपछि बनेका स्थानीय सरकार र स्थानीय क्षेत्रमा गर्नुपर्ने कामहरु नयाँ अभ्यासमा रहेको त्यसमा विविध धार्मिक सांस्कृतिक परम्पराहरु पनि रहेका र कतिपय हाम्रो ध्यान नपुगेको अवस्थामा तपाइहरुले ध्यानाकर्षण गराउनु स्वभाविक हो र आउँदा दिनमा गाउँपालिकास्तरीय कार्यक्रम गर्न मेरो तर्फबाट कुनै पनि कसर बाँकी नरहने भन्दै मन्तव्य राखेकी थिइन् ।

कार्यक्रमको सभापतित्व टोकपुरको जेष्ठ नागरिक दुर्गादेवी कँडेलले गर्नुभएको थियो । कार्यक्रमलाई आकर्षण ढंगबाट सञ्चालन गरी सफल बनाउन श्री कण्ठेश्वरी माविमा शिक्षक समेत रहेका वीरबल पाठकले दर्शकलाई नाच्न गाउन हौस्याउँदै उत्साह भरेका थिए ।

कार्यक्रम स्थलमा सबै जातजातिका महिला दिदीबहिनीहरु सामुहिक रुपमा नेपाली मौलिक गीत संगीतमा आफैहरु पनि मादल बजाउँदै नाचगान गरेका थिए कार्यक्रममा झण्डै ५ सयको हाराहारीको दर्शक उपस्थित रहेको थियो । बारीको पाटामा टेन्ट टाँगेर कार्यक्रम सञ्चालन गरेको हुँदा बारीको चौरमा बस्ने ठाउँ नहुँदा वारीको कान्ला कान्लामा बसेर दर्शकहरुले कार्यक्रम हेरेका थिए । दर्शकहरुलाई आयोजकले जुस वितरण गरेको थियो ।

## दोरम्बा ...

प्रिफ्याक भवन नागरिकहरुलाई सेवा दिन सजिलो हुने पालिका अध्यक्ष कमानसिंह मोक्तानले बताएका थिए ।

भवन उद्घाटन कार्यक्रममा खाँडादेवी गाउँपालिकाका अध्यक्ष प्रेमबहादुर तामाङ, उपाध्यक्ष मखमली श्रेष्ठ, सुनापती गाउँपालिकाका उपाध्यक्ष गिता विष्ट, तुला प्रसाद कडेल, लव मगर, प्रकाश कुमार कार्कीको उपस्थिति रहेको थियो । कार्यक्रममा गाउँपालिका अध्यक्ष कमानसिं मोक्तान, उपाध्यक्ष कृशला घिसिङ र वडाध्यक्षहरुले मन्त्री ढुंगेलसहित अथितिहरुलाई स्वागत गर्दै नवनिर्मित भवनभित्र प्रवेश गराएका थिए ।

## नेकपालाई ...

सपना पूरा गर्न सक्छौं । पार्टीका प्रचार विभाग प्रमुख तथा प्रवक्ता नारायणकाजी श्रेष्ठले पार्टी एकताको सम्पूर्ण काम टुङ्गो लागेपछि पार्टीले जनताको आवश्यकतानुसार काम गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

**छोरीलाई पनि छोरा सरह स्कुल पढ्न पठाऔं ।**


**दोरम्बा गाउँपालिकाको केन्द्र टोकरपुरमा तिजको अवसरमा महिलाहरु सामूहिक रुपमा तिज मनाएको दृष्य (१–२)**
**दृष्य ३ मा रामेछाप जिल्लावासीहरुसँग सल्यानबाट पढाउन आएका नारायण सापकोटासँग रामेछापेली सामुहिक फोटो**
**दृष्य ४ मा खाडादेवी गाउँपालिकामा कार्यरत प्रशासकीय अधिकृत विष्णु प्रसाद सुवेदी, वरिष्ठ पत्रकार बद्री नयाँघरे, समाजसेवी तारा बहादुर मोक्तानसँग सामुहिक फोटो खिचाउँदै ।**













**जनआकाश मिडिया प्रा.लि.का लागि:** **प्रकाशक**: द्रोणबहादुर बस्नेत, **प्रधान सम्पादक**, मोहन कार्की ९८६१५८८४५६, **कम्प्युटर**: जनआकाश डेस्कटप
**प्रधान कार्यालय**, बागबजार, काठमाडौं, ०१–४१६७५७८, E-mail: jana.news2065@gmail.com, **मुद्रण**: सुप्रिम प्रिन्टिङ्ग प्रेस